# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २३२ | काठमाडौं | शुक्रबार, ६ पुस २०८० | Prabhab National Daily | Friday, December 22, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**अपाङ्गताको आधारमा भेदभाव नगरौं**

अपाङ्गताको आधारमा कसैलाई पनि
- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानुनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं ।

- अपाङ्गताको आधारमा गरिने विभेद विरूद्ध खुलेर बोलौं ।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मन्त्री हेरफेरमा कडै रूपमा प्रस्तुत हुने दाहालको संकेत



नारायणकाजी श्रेष्ठ परराष्ट्र मन्त्रालय जान माने गृहमा कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्की र अर्थमा वर्षमान पुनलाई ल्याउने प्रधानमन्त्री दाहालको तयारी छ

–माओवादी स्रोत

सरकार परिवर्तन र मन्त्री हेरफेरको हल्ला सरकार बनेदेखिकै हो । राष्ट्रियसभाको निर्वाचनअघि मन्त्री हेरफेरको सम्भावना छैन

–नेपाली कांग्रेस स्रोत

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचनपछि बनेको सरकारले एक वर्ष पुरा हुन लागेको पूर्वसन्ध्यामा प्रधानमन्त्री पुष्पकमल दाहालले मन्त्रीहरूसँग समीक्षात्मक बैठकहरू जारी राखेका छन् । वर्ष दिनमा पनि खासै देखिने काम गर्न नसकेपछि प्रधानमन्त्री दाहाल यतिबेला तनावमा देखिन्छन् ।

यसै सन्दर्भमा प्रधानमन्त्री दाहालले चौमासिक लक्ष्यलाई लिएर मंसिर २८ गतेको मन्त्रिपरिषद्मा मन्त्रीहरूसँग रोष पोखेका थिए । बैठकको सुरुमै प्रधानमन्त्री दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नतिजा व्यवस्थापन महाशाखाले तयार पारेको प्रतिवेदन देखाउँदै मन्त्रीहरूको काम गराइमाथि असन्तुष्टि पोखेका थिए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नतिजा व्यवस्थापन महाशाखाले तयार पारेको प्रतिवेदन अनुसार चालु आर्थिक वर्ष सरकारको तीन महिनाको काम निकै निराशाजनक देखिन्छ । महाशाखाले नीति तथा कार्यक्रम र बजेटका आधारमा सबै मन्त्रालयका गरी १ हजार ६०० क्रियाकलाप र ३ हजार ४२१ माइलस्टोन तय गरी कार्ययोजनालाई एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरेर प्रतिवेदन तयार पारी प्रधानमन्त्रीलाई बुझाएको थियो ।

मंसिर १९ मा सार्वजनिक प्रतिवेदन अनुसार विभिन्न २७ निकायका कार्ययोजनामा समावेश १ हजार ६०० क्रियाकलापमध्ये असोजसम्म ३.८८ प्रतिशत र ३ हजार ४२१ माइलस्टोनमध्ये ८.१३ प्रतिशतमात्र सम्पन्न भएका छन् । असोजसम्म सम्पन्न हुनुपर्ने ७७५ माइलस्टोनमध्ये ३५.३५ प्रतिशतमात्र सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ । १३.५५ प्रतिशत माइलस्टोन सुरू नै हुन सकेका छैनन् ।

## बुधबार मुख्यसचिवको प्रस्तुति

बुधबारको मन्त्रिपरिषद् बैठकमा सरकारको एक वर्षको समीक्षा भया । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नयाँ हलमा बसेको बैठकमा सरकारको एक वर्षको समीक्षा गरिएको हो ।

बैठकमा मुख्यसचिव डा. बैकुण्ठ अर्यालले अपेक्षित काम हुन नसकेको ब्रिफिङ गरेका थिए । 'मुख्यसचिवले कामलाई पिकअप दिन प्रक्रिया र इच्छाशक्तिमा रहेका समस्या तथा सुधार गर्नुपर्ने पक्षबारे विस्तृतमा प्रस्तुति दिनुभयो,' बैठकपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भनिन् ।

## कडै रूपमा जान्छु

प्रधानमन्त्री दाहालले यो कार्यकाल सोचेजस्तो सफल नभएको स्विकार गरेका छन् । 'मैले जति सोचेको हो, त्यसरी भयो भन्ने मेरो दाबी छैन । गठबन्धनको सरकार हो । धेरै सीमा अप्ठ्यारो हुन्छन् । सबैलाई मिलाएर लाने जिम्मेवारीको कुरा हो,' विराटनगर विमानस्थलमा बिहीबार संचारकर्मीसँग भने । यसो त उनले सुशासनमा यो सरकार सफल भएको दाबी गरे । 'तर, जे जति सुशासन, सामाजिक न्याय, विकास निर्माणको कुरा छ मेरो दाबी के हो भने सफल भएको छु भन्ने लागेको छ,' उनले भने, 'मिटरब्याज पीडित, नागरिकता समस्या हल भयो । भ्रष्टाचार र सुशासनको पक्षमा यो लेबलको कहिल्यै छलफल भएको थियो ? भू-माफियाविरुद्ध कदम चालिएको छ ।

(**क्रमशः पृष्ठ २ मा**)

## गृह र अर्थ प्राथमिकतामा

बालुवाटार स्रोतका अनुसार प्रधानमन्त्री दाहालले मन्त्री हेरफेरको सूची दैनिक बदलिरहेका छन् । पछिल्लो दिनमा संस्कृतिमन्त्री सुदन किराती, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री महत, परराष्ट्रमन्त्री एनपी साउदसँग दाहाल रुष्ट छन् । दाहालले गृहमन्त्री श्रेष्ठलाई सेटल गराउन नसक्दा मन्त्रिपरिषद् हेरफेरमा ढिलाई भइरहेको स्रोतको दाबी छ ।

श्रेष्ठले परराष्ट्र मन्त्रालयमा बस्न माने गृहमा कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्कीलाई इन्ट्री गराउने तयारी दाहालको रहेको छ । यसबारे कांग्रेस सभापति शेरबहादुर देउवासँग प्रधानमन्त्री दाहालको सहमति भइसकेको दाबी गरिएको छ । ज्ञानेन्द्र कार्की देउवाका विश्वासपात्र हुन् । गृहको बदलामा माओवादीले अर्थ लिने र अर्थमा वर्षमान पुनलाई इन्ट्री गराउने गरी तयारी चलिरहेको बताइएको छ । वर्षमान दाहालका विश्वासपात्र हुन् । वर्तमान सत्ता गठबन्धनमा कांग्रेस पहिलो शक्ति हो । कांग्रेस स्रोतको भने राष्ट्रिय सभा निर्वाचनअघि मन्त्री हेरफेर हुनै नसक्ने दाबी छ । 'सरकार परिवर्तन र मन्त्री हेरफेरको हल्ला सरकार बनेदेखिकै हो । राष्ट्रिय सभाको निर्वाचनअघि मन्त्री हेरफेरको सम्भावना देखिन्न,' देउवा निकट कांग्रेसका एक नेताले भने । राष्ट्रिय सभाको १९ रिक्त स्थानका लागि माघ ११ गते निर्वाचन हुँदैछ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# झण्डै ८० प्रतिशत नेपाली ऋण लिएर वैदेशिक रोजगारीमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जानेमध्ये झण्डै ८० प्रतिशत नेपाली श्रमिक ऋण लिएर जाने गरेको एक अध्ययनले देखाएको छ । प्रवासी नेपाली समन्वय समिति (पीएनसीसी) ले बिहिबार अन्तर्राष्ट्रिय आप्रवासी दिवसको सप्ताहव्यापी कार्यक्रमको अवसर पारेर सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले वैदेशिक रोजगारीमा जान ८० प्रतिशत नेपाली ऋणमा भर पर्ने गरेको देखिएको हो ।

पीएनसीसीले सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी सोसल साइन्स बहामार्फत गरेको अध्ययनअनुसार वैदेशिक रोजगारीमा जान ऋण लिएकामध्ये लगभग ५० प्रतिशतले ऋण तिर्न बाँकी रहेको पनि देखाएको छ। त्यस्तै आप्रवासी श्रमिकमध्ये ८८ प्रतिशतले विदेशबाट कमाएको पैसाबाटै ऋण फिर्ता गर्ने गरेको अध्ययनले उल्लेख गरेको छ । उक्त अध्ययनले वैदेशिक रोजगारीबाट फर्किएका नेपाली आप्रवासी श्रमिकले आर्जन गरेको पूँजी उद्यमशिलता प्रवर्द्धनमा लगाउने सरकारी नीति भएपनि अर्थिक पहुँचको कमीका कारण उनीहरूलाई उद्यमी बनाउन चुनौति रहेको देखाएको छ ।

वैदेशिक रोजगारीका क्रममा गन्तव्य देशहरूमा सामना गरेको विभिन्न प्रकारका समस्याहरूका कारण रोजगारीबाट फर्किएका ७२ प्रतिशत श्रमिकले आफ्नो कमाई बचत गर्न सक्षम नभएको बताइएको छ । श्रमिकले आफ्नो आम्दानी बचत गर्न नसक्नुमा करारपत्रसँग सम्बन्धित मुद्दा, कारावास र बेपत्ता भएका/हराएकासँग सम्बन्धित मुद्दाहरूलाई कारण देखाइएको छ ।

त्यसैगरी वैदेशिक रोजगारीबाट नेपाल फर्किएका आप्रवासी कामदारमध्ये ३७.६ प्रतिशत निर्वाहमुखी कृषिमा संलग्न भएको र १६.५ प्रतिशत बेरोजगार रहेको देखिएको छ । यसले नेपाल फिर्ता आएपछि अप्रवासी श्रमिकले उच्च लाभ हुने काम पाउन नसक्ने, नेपालको श्रम बजारमा उनीहरूको सीप र ज्ञानको मेल नहुने र उचित कामका अवसर हरूको सम्भावित अभावलाई देखाएको छ । वैदेशिक रोजगारीबाट फर्किएका लगभग ३३ प्रतिशत श्रमिकले विदेशमा सिकेको सीप नेपालको श्रम बजारसँग सान्दर्भिक नभएको, २० प्रतिशतले नेपाली श्रम बजार समान काम उपलब्ध नभएको र ११ प्रतिशतले प्राविधिक भिन्नताका कारण आफूले सिकेको सिप स्वदेशमा उपयोग गर्न नसकेको बताएका छन् ।



अध्ययन प्रतिवेदनले वैदेशिक रोजगारीबाट फर्किएका आप्रवासी श्रमिक मध्ये ४४ प्रतिशत पुनः वैदेशिक रोजगारीमा जाने योजनामा रहेको पनि बताएको छ । साथै पुनः वैदेशिक रोजगारीमा जाने योजनामा रहेका श्रमिकमध्ये ५४ प्रतिशतले पुनः ऋण लिएर वैदेशिक रोजगारीमा जाने योजनामा रहेको पनि उल्लेख गरेको छ । अध्ययन अनुसार फेरी वैदेशिक रोजगारीमा जाने योजनामा रहेका श्रमिकमध्ये ४६ प्रतिशतले आफुले पहिले नै वैदेशिक रोजगारीमा जाँदा लिएको ऋण तिर्न बाँकी रहेको बताएको देखिन्छ। पीएनसीसीले सन् २०१४ देखि २०२२ सम्ममा दर्ता हुन आएका २२ हजार १४८ जना श्रमिकलाई समेटेर अध्ययन प्रतिवेदन तयार पारेको जनाएको छ ।

## माल्टा र कतार पठादिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि माल्टा र कतार पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिसँग रकम ठगी गर्ने दुई जना पक्राउ परेका छन् । उक्त मुलुकहरूमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पिडितसँग रकम लिएर फरार रहेको आरोपमा बिरेन्द्र उदास र भिमबहादुर तामाङ रहेका छन् ।

खोटाङको खोटेहाङ गाउँपालिका- ७ घर भई ललितपुर सातदोबाटो बस्ने ५५ वर्षीय उदासले सबिता गुरुङलाई माल्टा पठाई प्रतिष्ठित कम्पनीमा मासिक ३ लाख रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पटक पटक गरी नौ लाख रूपैयाँ ठगी गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरीले जनाएको छ । उनलाई खोजतालासका क्रममा सातदोबाटोबाटै पक्राउ गरिएको बताइएको छ ।

त्यस्तै सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका- २ घर भई हाल काठमाडौं बौद्ध बस्ने ३१ वर्षीय तामाङले शुक्रबहादुर तामाङसमेतलाई कतार पठाई प्रतिष्ठित कम्पनीमा मासिक एक लाख रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पटक पटक गरी पाँच लाख २५ हजार रूपैयाँ ठगी गरेको खुल्न आएको छ । उनलाई खोजतालसको क्रममा सिनामंगलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




# चैतमा 'सूचना प्रविधि सम्मेलन' गर्दै काठमाडौं महानगर

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आगामी चैतमा 'सूचना प्रविधि सम्मेलन' आयोजना गर्ने भएको छ । महानगरवासीलाई सरल, सहज र सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्नका लागि सम्मेलन आयोजना गर्न लागिएको कामपाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए ।

कामपा सूचना प्रविधि समिति संयोजकसमेत रहेका मानन्धरका अनुसार सम्मेलनमा आविष्कार, नवीनतम् सोच र प्रविधिलाई सम्मेलनमार्फत कसरी जोड्न सकिन्छ, युवा, साझेदार र अन्तर ाष्ट्रिय समुदायलाई कसरी सहभागी गराउन सकिन्छ भन्ने विषय मुख्यरूपमा रहने छन् ।

'जिम्मेवार, पारदर्शी, उत्तरदायी, सरकार बन्न कामपाले प्राप्त गरेका उपलब्धिलाई संस्थागत र सिकाइलाई प्रवर्द्धन गर्न, नयाँ आविष्कारलाई ग्रहण गर्न कामपाले नीति, योजना र कार्यक्रम बनाउनुपर्ने छ,' प्रवक्ता मानन्धरले भने, 'सम्मेलनले दिएको निचोड र सिफारिसहरू, काठमाडौंका जनता र नागरिकलाई प्रविधिमा आधारित गुणस्तरीय सेवा दिन, सेवाग्राहीलाई डिजिटल आचरण विकास गर्न आवश्यक पर्ने नीति निर्माणको आधार हुने छ ।' नागरिकले अपेक्षा गरेको सेवाका लागि सरकारको प्रतिबद्धता देखाउन सम्मेलनले भूमिका खेल्ने महानगरको विश्वास छ ।

नीतिमा, शासनमा, सेवामा, समुदायमा डिजिटल समावेशीकरण प्रवर्द्धन गर्दै यसको पहुँच सामाजिक क्षेत्र, निजी व्यवसाय, उद्योग, उद्यमशीलता र वाणिज्य क्षेत्रमासमेत पुग्ने र साझेदारी विकास हुने छ । सम्मेलनबाट यसका रणनीति तथा कार्यक्रम निर्माण हुने छन् । यी विषयलाई सम्मेलन आयोजनाको उद्देश्यका रूपमा राखिएको छ ।

शासन सञ्चालन गर्न तथा सेवा प्रदान गर्न सरकारले प्रयोग गरेका प्रविधि, सेवाग्राहीमा यसको पहुँच र प्रयोग, साझेदार सरकार तथा कार्यालयबीचको अन्तरसम्बन्ध, प्रविधि प्रयोग तथा विस्तार सम्मेलनका प्रस्तुतीकरण तथा छलफलका विषय रहने बताइएको छ । प्रविधिले प्रदान गरेका परिवर्तित अवसरमा वर्तमान सम्भावनाजस्ता विषयमा विशेषज्ञ र साझेदारहरूबीच समूहगत छलफल तथा अन्तरक्रियात्मक कार्यशाला सम्मेलनका कार्यक्रममा समेटिने बताइएको छ । प्रविधिहरूको व्यावहारिक प्रयोग, पेसाकर्मी, उद्यमी, युवा तथा सरकारी संयन्त्रका बीच क्षेत्रगत सञ्जाल निर्माण (नेटवर्किङ) को अवसर सिर्जना गरिने छ ।

सम्मेलनबाट कामपाले सरकार र प्रविधि प्रदायकहरू बीचको साझेदारी नजिक हुनाका साथै एकीकृत र कार्यान्वयनयोग्य दस्तावेज प्राप्त हुने विश्वास लिएको जनाएको छ ।

## माओवादीको विधान सम्मेलन फागुनमा

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रको विधान सम्मेलन आगामी फागुन पहिलो साता हुने भएको छ । बिहीबार बसेको केन्द्रीय पदाधिकारी बैठकले विधान सम्मेलनको मिति तय गरेको हो । त्यसअघि स्थायी समिति र केन्द्रीय समिति बैठक गर्ने निर्णय गरेको जनाएको छ । स्थायी समिति बैठक यही पुस महिनाको अन्तिममा बस्ने भएको छ ।

बैठकले सात सदस्यीय विधान मस्यौदा समितिसमेत गठन गरेको पार्टीसचिव गणेश साहले जानकारी दिए । समितिमा उपाध्यक्ष पम्फा भुसाल, महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवत्रय गिरिराजमणि पोखरेल, वर्षमान पुन र जनार्दन शर्मा तथा सचिवद्वय साह र सुरेन्द्र कार्की रहेका छन् । समितिले १५ दिनभित्र विधानको मस्यौदा तयार गर्ने छ । बैठकले यही पुस १६ गते सबै स्थानीय तहमा जनपरिचालन गरेर पार्टी रूपान्तरण अभियानको समापन गर्ने निर्णय गरेको सचिव साहले जानकारी दिए । माओवादीले गत भदौ १६ गतेदेखि रूपान्तरण अभियान सञ्चालन गरेको थियो । बैठकले रूपान्तरण अभियान प्रभावकारी भएको निष्कर्ष निकालेको छ ।

## भूकम्पप्रभावित जिल्लामा दादुरा र टाइफाइडविरुद्धको खोप दिइने

**काठमाडौं–** सरकारले भूकम्पप्रभावित क्षेत्रमा दादुरा-रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भूकम्पप्रभावित जिल्लामा बिहीबारदेखि दादुरा-रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गर्न थालिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

उनका अनुसार दादुराविरुद्धको खोप भूकम्पप्रभावित जिल्ला जाजरकोट र पश्चिम रुकुममा तथा टाइफाइडविरुद्धको खोप ती दुई जिल्ला जाजरकोट र पश्चिम रुकुमसहित सुर्खेत, सल्यान, दैलेख, कालीकोट र जुम्लामा सञ्चालन गरिने छ । स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले दादुरा-रुवेलाविरुद्धको खोप छ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई र टाइफाइडविरुद्धको खोप १६ वर्षदेखि ४५ वर्षसम्मका सबैलाई लगाइने छ । उनले जाजरकोटमा दुई वर्षअघि दादुरा देखिएकाले पुनः नदेखियोस् भनेर खोप लगाउन थालिएको बताए । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### मन्त्री हेरफेरमा...

अन्तर्राष्ट्रिय रूपमा पनि ऐतिहासिक रूपमा सफल छ ।' प्रधानमन्त्री दाहालले आफूले पुस लागेदेखि सामूहिक रूपले मन्त्रालयको ब्रिफिङ लिइरहेको बताउँदै ६ वटा मन्त्रालयको सकिएको बताए । 'सबै मन्त्रालयको ब्रिफिङ लिएर समीक्षा गरिरहेको छु । अब नयाँ ढंगले जाने, विकास निर्माण र जनताको सेवा अगाडि बढाउने योजना बनाउने हो,' दाहालले भने, 'यो प्लान अनुसार मन्त्रालयलाई टार्गेट दिइन्छ । फुलफिल भएन भने कडा रूपमा जाने ।' प्रधानमन्त्री दाहालले आज सुनसरीका झोक्राहा नरसिंह गाउँपालिकास्थित इनरुवामा बनेको ४००/२२०/१३२/३३ केभी सबस्टेसन उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

प्रधानमन्त्री दाहालले एक वर्ष पुरा गरेको अवसरमा विशेष सम्बोधनको तयारीसमेत गरेका छन् । तेस्रोपटक प्रधानमन्त्री बनेका दाहालको यो सबैभन्दा लामो कार्यकाल हो । पहिलोपटक २०६५ साउन ३१ प्रधानमन्त्री बनेका उनले प्रधानसेनापति रुक्माङगत कट्वाल प्रकरणका कारण २०६६ वैशाख २१ गते नै राजीनामा ठोकेका थिए । दोस्रोपटक २०७३ साउन १९ गते प्रधानमन्त्री बनेका उनले २०७४ जेठ २३ मा राजीनामा दिनुपरेको थियो ।

#### आफ्नो रिपोर्टकार्डबारे हाँसेरै टारे

प्रधानमन्त्री दाहाल आफै सरकारमा कमजोर रूपमा प्रस्तुत भइरहेका छन् । गठबन्धनको सरकार भएकोले धेरै सीमा अप्ठ्यारो भएको दाहाल आफैले स्विकारिसकेका छन् । आइतबारमात्र कांग्रेस महामन्त्री गगन थापाले बागलुङ पुगेर अहिलेको सरकारको काम गराई नभएको बताएका थिए । 'अहिलेको सरकारले १०० मा १० अंक मात्र प्राप्त गर्ने काम गरेको हुँदा अब अंक बढाउने काम गर्नुपर्छ,' गगनले भने । यसबारे कांग्रेसले प्रधानमन्त्रीको रिपोर्ट कार्ड मागेको छ नि भनी सञ्चारकर्मीले प्रश्न गर्दा दाहालले हाँस्दै भने, 'त्यो पत्रिकाले भन्ने हो, मेरो रिपोर्ट कार्ड दिनदिनै गएको छ नि ।' कांग्रेस नेता डा शेखर कोइरालाले सार्वजनिक रूपमै प्रधानमन्त्रीको रिपोर्ट कार्ड मागेका छन् ।

#### मन्त्रिपरिषद्मा अर्थमन्त्री लगातार अनुपस्थित

अर्थमन्त्री डा प्रकाशशरण महत पछिल्ला मन्त्रिपरिषद्मा लगातार अनुपस्थित छन् । मंसिर २८ को मन्त्रिपरिषद्मा महत नुवाकोटमा महोत्सव उद्घाटन गर्न पुगेका थिए । उक्त दिन धेरैजसो मन्त्रीले अर्थ मन्त्रालयको सहमतिविना कुनै काम पनि नहुने तर अर्थले फाइल झुलाएको झुलायै गर्ने गरेको गुनासो पोखेका थिए ।

अर्थले फाइल रोकेर राखिदिने, कानुनी सल्लाह माग्दा कानुन मन्त्रालयले उस्तै ढिला गरिदिने, इआइए रिपोर्ट स्वीकृत गर्न वन मन्त्रालयले १ वर्षसम्म लगाइदिने लगायत कारण लक्ष्य अनुसार काम हुन नसकेको अधिकांश मन्त्रीको भनाइ थियो ।

मुख्यसचिव अर्यालले प्रक्रियागत त्रुटिको विषयमा प्रस्तुति दिँदा बुधबार अर्थमन्त्री उदयपुर सिमेन्ट कारखाना भ्रमणका लागि उदयपुर पुगेका थिए । बिहीबार भने अर्थमन्त्री पार्टीको कार्यक्रममा जनकपुर पुगेका थिए ।


### स्वच्छन्द वचत तथा ऋण सहकारी संस्था लि.

चुच्चेपाटी–०७ चाबहिल , काठमाडौं
फोन नं. ०१–४४८२३८६ , ०१–४४८२३८८

**१४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यस **स्वच्छन्द वचत तथा ऋण सहकारी संस्था लि.** को मिति २०८०/०८/२९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **१४ औं वार्षिक साधारण सभा** विभिन्न प्रस्तावहरू उपर छलफल गरी पारित गर्न निम्न मिति, स्थान र समयमा हुने भएकाले उक्त साधारण सभामा सम्पूर्ण सेयरसदस्यज्यूहरूलाई गरिमामय उपस्थितिका लागि विनम्र अनुरोध गर्दछु ।

**छलफलका प्रस्तावहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व.०७९/८० को लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व.०७९/८० को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. आ.व.०८०/८१ को लागि अनुमानित बजेट, नीति तथा कार्यक्रम उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
५. संस्था एकीकरण (मर्जर) गर्ने सम्बन्धमा ।
६. चालु आ.व.०८०/८१ का लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. सञ्चालक समितिबाट भए गरेका निर्णयहरू पारित गर्ने सम्बन्धमा
८. संस्थाको सञ्चालक समिति, व्यवस्थापक, कर्मचारी लगायतका सेवा सुविधाहरू अनुमोदन गर्ने सम्बन्धमा ।
९. सञ्चालक समिति र लेखा समितिको निर्वाचन सम्बन्धमा
१०. साधरण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनोट सम्बन्धमा
११. विविध

**१४ औं वार्षिक साधारण सभा बस्ने:**
मिति : २०८० पुस २८ गते शनिबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : संस्थाको कार्यालय प्राङगण ।

**संचालक समितिको आज्ञाले**
**अध्यक्ष**

### NEPAL RED CROSS SOCIETY

**SEALED QUOTATION NOTICE**

**Date of Publication: 22 December 2023**

The Nepal Red Cross Society invites sealed quotation from manufacturers/ reputed firms/suppliers for the supply and delivery of **Vehicle Parts and Servicing.**

Sealed quotation documents with quantity and detail specification of materials to be supplied can be purchased from Nepal Red Cross Society, National Headquarters, Kalimati, Kathmandu during office hours in working days from **22 December 2023 to 27 December 2023** against payment of Rs. 200/- (non-refundable).

The bidders should submit their sealed quotation of **Vehicle Parts and Servicing** during working days on or before **27 December 2023** within office hours and the sealed quotation will be opened on **28 December 2023** at NRCS, National Headquarters, Kalimati, Kathmandu **at 11:30 AM.**

The vehicle parts should be delivered within two days and servicing works should be completed within seven days after receiving purchase order or vehicle parts.

**Nepal Red Cross Society**
**National Head Quarters**
**Kalimati, Kathmandu**
**Ph.5370650**

### मोटरसाइकल हराएको सूचना

मिति २०८०/०९/०४ गते काठमाडौं, जोरपाटी स्थित पार्किङ गरिराखेको अवस्थामा 150 cc Pulsar कालो, रातो रंगको मोटरसाइकल रातको १०:४४ बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : छेतान तामाङ**
**बाइक नं.: बा.प्र.०२-०४४ प ७२६२**
**च्यासिस नं.: MD2A11CX4PPB27381**
**इन्जिन नं. : DHXPPB 79654**
**ठेगाना: भ.पु.जी, चाङ्गुनारायण-६**
**सम्पर्क: ९८०३१०३१८३**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०६९/०९/०४ मा दर्ता भएको प्रा.लि.नं. १०८१७८ को **अर्वान सव-रेमिटाणस एक्सप्रेस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### बि.एम. सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा. ली. को नियुक्त लिक्वीडेटर पोषकलाल श्रेष्ठको कार्यालयद्वारा प्रकाशित अचल सम्पत्ति बिक्री गर्ने सूचना

**प्रकाशित मिति २०८०/०९/०६**

यस बि.एम.सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा. ली. को मिति २०८०।०६।२१ को निर्णय अनुसार कम्पनी लिक्वीटेशनमा लैजाने भएकोले कम्पनिका नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखीत अचल सम्पती जाँहा जुन अबस्थामा छ सोही अबस्थामा बिक्री गरी कम्पनीको दायित्वहरु चुक्ता गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त अचल सम्पत्ति खरिद गर्न चाहने फर्म कम्पनी तथा सर्वसाधारण व्यक्तीहरुले का.जि.का.म.न.पा. वडा नं.७ चाबहिल स्थित कम्पनीको लिक्वीडेटरको कार्यालयमा सम्पर्क गरी अचल सम्पती खरिद प्रकृया सुरु गर्नका लागी यो सूचना प्रकाशीत गरीएको छ ।

**तपसिल**

| क्र.सं. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | सिट नं. | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ५३ | ४९५०.०० ब.मी. | |
| २ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ५५ | ५८४५.०० ब.मी. | |
| ३ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ४२ | १०१४०.०० ब.मी. | |
| ४ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ३१७ | २७५.०० ब.मी. | |

**जम्मा क्षेत्रफल २१२१०.०० बर्ग मिटर**

**सम्पर्क:- बि.एम.सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा.ली., कोलिक्वीडेटर पोषकलाल श्रेष्ठ का.जि.का.म.न.पा. वडा नं. ७ चाबहील, फोन नं. ९८५१०९४४७१**

### Gauriganj Rural Municipality
### Office of Rural Municipal Executive
**Koshi Province**
**Gauriganj, Jhapa**

**Re Invitation For Sealed Quotation**

**First date of Publication : 2080/08/18 B.S.**
**Notice No:- 04/2080/081 (second notice)**
**Second date of publication: 2080/09/06 B.S.**

1. **Gauriganj Rural Municipality, Office of Rural Municipal Executive** invites bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works and procument of below mentioned goods under National Competitive Bidding procedure. Some of the qualification criteria are mentioned below, through the details are in the bidding document.

| Contract No. | Description of Works | Estimated amount (without VAT and contingencies) | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|
| GRMG/SQ/GOODS/01/2080-81 | Procurement of ladies cycle | | 49,000.00 | 1,000.00 |

2. A complete set of Bidding Documents is available from office during office hours

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: NIC Asia Bank Ltd.
Name of Office: Gauriganj Rural Municipal, Jhapa
Ga 1.1 Aantarik Rajaswa Account no.: 0872050028409002
**Information to deposit the bid security amount in Bank:**
Name of the Bank: NIC Asia Bank Ltd.
Name of Office: Gauriganj Rural Municipal, Jhapa
Ga 3 Dharauti Khata Account no.: 0872050028426002

3. Sealed bids must be submitted to the above office on or before 07-01-2024 (2080/09/22 BS) 12:00 hours . Bids received after this deadline will be rejected.
4. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 07-01-2024 (2080/09/22 BS) 13:00 hours at the office of Gauriganj Rural Municipal, Jhapa, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original submission deadline.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. For further information Bidders can contact on following contact number during office hour :-(Planning Section- 9849093786)

**Chief Administrative officer**

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LOCA ORIANA LADIES BEAUTY SALON CO.**

पुर्व स्वीकृति मिति २०८०/०३/०१ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०९/०५ LT No. 288050 चलानी नं.६०२०३०९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 150 | ६४१६१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४१६१ | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 150 | ६४१६१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १३ गते (29th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

# सात मतदानस्थल, १४ मतदान केन्द्र

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि प्रत्येक प्रदेशमा एक/एक मतदानस्थल र सोही मतदानस्थलमा दुई/दुई मतदान केन्द्र रहने गरी सात मतदानस्थल र १४ मतदान केन्द्र तोकेको छ।

आयोगले कोशी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, विराटनगर, मोरङ, मधेस प्रदेशका लागि महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुरधाम, धनुषा, बागमती प्रदेशका लागि भुटनदेवी मावि, प्राविधिक शिक्षालय, हेटौंडा, गण्डकी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, पोखरा, कास्की, लुम्बिनी प्रदेशका लागि कर्मचारी मिलन केन्द्रको भवन, घोराही, दाङ, कर्णाली प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, सुर्खेत र सुदूरपश्चिम प्रदेशका लागि प्रदेशसभा भवन, धनगढीलाई मतदानस्थल तोकेको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडयालले बिहीबार विज्ञप्ति जारी गर्दै तोकिएका मतदानस्थलमा प्रदेशसभाका सदस्यका लागि मतदान गर्न तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्नका लागि बेग्लाबेग्लै मतदान केन्द्र रहेको जानकारी दिए।

**राष्ट्रिय सभा निर्वाचन**

## २०४७ मतदाता कायम

आयोगले राष्ट्रिय सभा निर्वाचनका लागि बुधबार मतदाता नामावली स्वीकृत गरिसकेको छ। उक्त निर्वाचनमा कूल दुई हजार ४७ मतदाता कायम गरिएको छ।

राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने कानुनी व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम प्रदेशसभा सदस्य ५४९ तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख एक हजार ४९८ मतदाता रहेका छन्।

स्वीकृत नामावलीमा प्रदेशसभा सदस्यतर्फ कूल मतदाता ५५० मध्ये निधन भएका प्रदेशसभा सदस्य एक जनाको नाम हटाइ ५४९ कायम गरिएको छ। त्यसैगरी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फको कूल मतदाता एक हजार ५०६ जनामध्ये निधन भएका गाउँपालिका अध्यक्ष एक, उपाध्यक्ष एक, नगरपालिकाका उपप्रमुख एक र निलम्बनमा परेका गाउँपालिकाका अध्यक्ष एक तथा नगरपालिकाका प्रमुख चार जनाको नाम हटाइ कूल एक हजार ४९८ जनाको नामावली स्वीकृत गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडयालले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

निर्वाचनका लागि प्रदेशसभा सदस्यको कूल मतभार २९ हजार ९७, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको कूल मतभार २८ हजार ४६२ गरी जम्मा ५७ हजार ५५९ मतभार कायम गरिएको छ। आयोगबाट निर्धारित मतभारबमोजिम प्रदेशसभाका सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ रहेको छ।

निर्वाचन कार्यक्रमबमोजिम यही पुस २० गते निर्वाचन अधिकृतको कार्यालयमा उक्त मतदाता नामावली प्रकाशित हुने छ।

# सर्वोच्चका नवनियुक्त न्यायाधीशले लिए शपथ

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतमा नवनियुक्त छ जना न्यायाधीशले पद तथा गोपनीयताको शपथ लिएका छन्। बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले उनीहरूलाई शपथ गराएका हुन्।

राष्ट्रपति भवन शीतलनिवासमा आयोजित समारोहमा शपथ लिने न्यायाधीशहरूमा सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनिलकुमार पोखरेल र बालकृष्ण ढकाल रहेका छन्। राष्ट्रपति पौडेलले बुधबार उनीहरूलाई न्यायाधीश पदमा नियुक्त गरेका थिए।

त्यसअघि संसदीय सुनुवाइ समितिको बैठकले बुधबार नै सर्वोच्चको न्यायाधीशमा छ जनाको नाम अनुमोदन गरेको थियो। उनीहरूको गत मंसिर २९ तथा यही पुस १ र २ गते संसदीय सुनुवाइ भएको थियो। न्याय परिषद्को गत मंसिर ५ गते बसेको बैठकले सर्वोच्च अदालतका लागि रिक्त छ न्यायाधीशका लागि उनीहरूको नाम सिफारिस गरेको थियो।

# रेड कर्नर नोटिस जारी गरिएका चार जना विदेशबाट पक्राउ

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीले एक हप्ताको अवधिमा इन्टरपोलबाट रेड कर्नर नोटिस जारी भई फरार रहेका चारजनालाई विदेशबाट पक्राउ गरी नेपाल ल्याएको छ। प्रहरीले इन्टरपोल तथा विभिन्न सदस्य राष्ट्रको समन्वयमा विभिन्न मुद्दामा इन्टरपोल महासचिवालयबाट रेड नोटिस जारी भएका उनीहरूलाई नेपाल ल्याइएको हो।

प्रहरी नायब महानिरीक्षक कुवेर कडायतका अनुसार युनाइटेड अरब इमिरेटस् (युएई) को दुबईबाट तीन तथा कुवेतबाट एकजनालाई नेपाल ल्याइएको हो। विद्युतीय कारोबारको कसुरमा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका प्यूठानको सरुमारानी गाउँपालिका-१ का ३३ वर्षीय सगीर अहमदलाई पक्राउ गरी बुधबार नेपाल ल्याइएको हो।


**डिभिजन वन कार्यालय, इलामको**
**शिलवन्दि बोलपत्र प्रथाद्वारा काठ, दाउरा लिलाम बिक्रीको सूचना !**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०९/०६**

यस कार्यालयद्वारा विभिन्न वन मुद्धा तथा वेवारिसे अवस्थामा वरामद भई चुलाचुली सव डि.व.का. कम्पाउण्ड तथा डि.व.का. इलामको कम्पाउण्डमा घाटगद्धि गरी राखेको साल तथा अन्यजात चिरान काठ थान १९६५ को १७८४.२९ क्यु.फि. लाई गोलियामा परिणत गर्दा हुने परिमाण २४९८.०३ क्यु.फि. काठ शिलवन्दी वोलपत्र प्रथाद्वारा लिलाम विक्री गरिने भएको हुँदा सम्वन्धित सवैको जानकारीको लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना तथा जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ।

**(सम्पर्क फोन नं. ०२७-५२३०२७)**



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस कम्पनीमा कार्यरत **नवराज खड्का** (मो. नं. ९८४०४५६३७७), **लक्ष्मी तामाङ** (मो. नं. ९८१८५३९९३३०), **प्रितम श्रेष्ठ** (९८०८३४९१३१), **लक्ष्मी खड्का** (मो. नं. ९८१३६८४८७०) र **करिस्मा भण्डारी** (मो. नं. ९८४१९३०५५४) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण मिति २०८०/०३/०१ मा राजीनामा दिनुभएको हुनाले निजसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्रमा** यस प्रा. लि. मा सम्पर्क गर्न आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ।

**Pandora Incorporation (P.) Ltd.**
Dhumbarahi Height-4, Kathmandu, Nepal, Tel: +977-1-4427419, 4427854
Mobile No. 9860721022, 9808349131, E-mail: info@pandoraincorp.com



**माँ इन्द्रायणी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**का.म.न.पा-२६, गल्को पाखा, काठमाडौं**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**आदरणिय शेयरधनी सदस्य ज्यू,**

उपरोक्त सम्बन्धमा यस माँ इन्द्रायणी बहुउद्देश्यीय सहकारी संस्था, मिति २०८० मङसिर ०४ गते सोमबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको २७ औं वार्षिक साधारण सभा मिति २०८० साल पुष १३ गते शुक्रबारका दिन संस्थाको कार्यालयमा हुने भएकोले सो दिन शेयर सदस्यहरु स्वयम् उपस्थित भई बैठक पुस्तिकामा हस्ताक्षर गरिदिनु हुन साथै प्रतिबेदन माथि कुनै किसिमको राय, सल्लाह, सुझाव र प्रतिक्रिया भए लिखित रुपमा उपलब्ध गराई दिनु हुन बिनम्र अनुरोध गरिन्छ।



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

**Dream & Guide System Pvt. Ltd** मा कार्यरत **दिनेश आचार्य** (ना.प्र.प.नं. ५५२११४-१२९) ले यस प्रा. लि. मा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट (मितिः २०८०/०७/३०) हटाईएको जानकारी गराईन्छ। निज व्यक्तिसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना-देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै-जाने व्यहोरा अनुरोध छ।

**नया नियुक्ति भएका कर्मचारीको नाम/ना.न./सम्पर्क नं. :**
१. **मनिका थापा ना.न.:** ५२-७७-०५२५२ - ९८१०८३१४५२
२. **नबिता सुनार ना.न.:** २५-०१-७६-०३८ १७ - ९८१३४९४४०८

**Dream & Guide System Pvt. Ltd.**
श्रम इजाजत न. ६७१/०६३/०६४
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/ info@dreamandguide.com, Web:- www.dreamandguide.com



**शुद्धोधन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मानपकडी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८०/०९/०६

यस गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तरगत मिति २०८०/०५/१७ को बुटवल टुडे राष्ट्रिय दैनिकमा केदली कोटहिया सडक खण्डको बुटवल न.पा.को सिमाना देखि बनगाई मा.वि. खण्ड र भुजौली देखि पुरैनी खण्ड कालोपत्रे गर्ने कार्य (Contract No: NCB/SRM/01/080/81) को बोलपत्र आव्हान सम्बन्धि प्रकाशित सूचना बमोजिम E-gp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्येको आर्थिक प्रस्ताव मिति २०८०/०९/०५ मा खोलिएकोमा सबैभन्दा कम अंक कबोल गर्ने तपसिल अनुसारका बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७(सात) दिने सूचना प्रकाशन गरिएको छ।

तपशिल

| S. N. | Contract ID | Name of Contractor & Address | Name of Project | Amount (Without VAT & PS) NRs |
|---|---|---|---|---|
| 1 | NCB/SRM/ 01/080-81 | आर ए कन्स्ट्रक्सन, तिलोत्तमा-०७, रुपन्देही | Construction of Black topped Road From Butwal Sub-metropolitan City Border-Bangai Ma.Bi. & Bhujauli-Puraini Section of Kedali -Kotahiya Road | 1,85,12,894.08 |

**प्रमुख प्रशासकीय अधिकृत**



**Invitation for Bids**

**Mukhiyapatti Musaharniya Rural Municipality**

**Office of the Rural Municipality Executive**

**Tulsiyahi Jabdi, Dhanusha**

**Invitation for Bids for the Supply and Delivery of Backhoe Loader**

**Contract Identification No: MMRM/080/081/5**

**Date of publication: 20-12-2023 12:00**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Supply and Delivery of Backhoe Loader (IFB No: MMRM/080/081/5). Bidding is open to all eligible Nepalese Bidders.[defined in the guidelines]
2. The Mukhiyapatti Musharniya Rural Municipality, Dhanusha invites sealed and or electronic bids from eligible bidders for the procurement of Supply and Delivery of Backhoe loader for Mukhiyapatti musaharniya Rural Municipality under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

   [Note: In case of IFB to be published as slice basis the Purchaser may add following information: The bidder may submit the bid for single or more slices as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done slice by slice basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.]
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mukhiyapatti Musharniya Rural Municipality, Dhanusha Mukhiyapatti Musharniya Rural Municipality, Dhanusha Tulsiyahi Jabdi Mukhiyapatti Mushargiya, Dhanusa Province Two Nepal or may visit PPMO egp system _website www.bolpatra.gov.np/egp._
4. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's _Website www.bolpatra.gov.np./egp._. Bidders, submitting their bid electronically, should deposit the cost **Nrs 3000.00** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank Name of the Bank: Prabhu Bank Ltd. ,

   **Name of the Office:** Mukhiyapatti Musharniya Rural Municipality, Dhanusha

   **Office Code no: Office Account no:** 1480134531700143 Rajaswa (revenue) Shirshak no: Ga-1-1
5. Pre-bid meeting shall be held at :Mukhiyapatti Musharniya Rural Municipality, Dhanusha Tulsiyahi Jabdi Dhanusa Madhesh Pradesh Nepal at 10-01-2024 12:00
6. Sealed or Electronic bids must be submitted to the office Mukhiyapatti Musharniya Rural Municipality, Dhanusha Tulsiyahi Jabdi Dhanusa Madhesh Pradesh through PPMO website www.bolpatra.gov.np. on or before 22-01-2024 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-01-2024 14:00 hours at the office of Mukhiyapatti Musharniya Rural Municipality, Dhanusha Tulsiyahi Jabdi Dhanusa Madhesh Pradesh Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 180000.0NRs which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Baitadi**

**Invitation for Bids**

**IFB No: 01/2080-081**
**Date of publication: 2080/09/6 (22 Dec. 2023)**

1. Infrastructure Development Office, Baitadi has received fund from ministry and invites following e- Bids from all eligible Nepalese Bidders for ***Construction & upgrading of following Road projects*** with detail as follows.

| SN | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) With PS [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | IDOBTD/NCB/ W/R/1/080-081 | Construction & Upgrading of Bhaunakot Sunkhola Road Dogdakedar Rural Municipality-03 Baitadi. | 4,282,803.51 | 115000.00 | Validity up to 120 days from the last date of bid submission | 3000.00 |
| 2. | IDOBTD/NCB/ W/R/02/080-081 | Construction & Upgrading of Bhaisegauda-Nagarjun Road DCM Baitadi . | 2,335,757.91 | 60,000.00 | | 3000.00 |
| 3. | IDOBTD/NCB/ W/R/03/080-081 | Construction & Upgrading of Dunggaad Muribagad –Deura Road Sigash RM Baitadi. | 4,273,293.79 | 1,15,000.0 | | 3000.00 |
| 4. | IDOBTD/NCB/ W/R/04/080-081 | Construction & Upgrading of Dudilakhan Gajari Road Sigash RM Baitadi | 4,273,460.60 | 1,15,000.0 | | 3000.00 |
| 5. | IDOBTD/NCB/ W/R/5/080-081 | Construction & Upgrading of Patan Pancheshwar Road (Ch 3+700 to 9+580) Patan Municipality Baitadi | 6,759,185.85 | 1,80,000.00 | | 3000.00 |
| 6. | IDOBTD/NCB/ W/R/6/080-081 | Construction & Upgrading of Khal Dehimandu Sarmali Road Shibnath Rural Municipality Baitadi | 5,994,031.92 | 160000.00 | | 3000.00 |
| 7. | IDOBTD/NCB/ W/R/07/080/81 | Construction & Upgrading of Shreepur – Basadeu –Pantapali (Hanseswar) ukhu Road Malikajun Rural Municipality Darchula | 4,279,295.35 | 1,15,000.00 | | 3000.00 |
| 8. | IDOBTD/NCB/ W/R/08/080/081 | 1) Construction & Upgrading of Banlekh-Bagaura-Lali Road Malikarjun Rural Municipality Darchula 2) Construction & Upgrading of Shankarpur- Joljibi Malikarjun Rural Municipality Road Darchula | 4,709,693.37 | 1,20,000.00 | | 3000.00 |
| 9. | IDOBTD/NCB/ W/R/090/080/081 | Construction & Upgrading of Rela -Dhumti- Magadigaad Road Apihinal Rural Municipality Darchula | 1,845,263.01 | 55,000.00 | | 3000.00 |
| 10. | IDOBTD/NCB/ W/R/10/080/081 | Construction & Upgrading of Paribagad –Khandeshwari Road , Apihinal Rural Municipality, Darchula | 2,997,077.98 | 80,000.00 | | 3000.00 |
| 11. | IDOBTD/NCB/ W/R/111/ | Construction & Upgrading of Gokuleshwar –Nangrau –Dhamigaun Road DIlashaini Rural Municipality, Baitadi | 4,283,904.88 | 1,15,000.00 | | 3000.00 |
| 12. | IDOBTD/NCB/ W/R/12/080/081 | Construction & Upgrading of Bhartola-Jolajibi Road , Malikarjun, Lekam Rural Municipality Darchula | 3,256,183.70 | 90,000.00 | | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO **website www.bolpatra.gov.np.**

**Office chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘स्लो मोसन’मा ‘फास्ट ट्र्याक’

काठमाडौं–तराई द्रुतमार्ग (फास्ट ट्र्याक) मुलुकको बहुप्रतिक्षित राष्ट्रिय गौरवको आयोजना हो । विसं २०७४ वैशाखमा यसको निर्माण गर्ने जिम्मेवारी नेपाली सेनालाई दिँदा नै विवाद उठेको थियो । आलोचकहरूले सेनालाई ‘ठेकेदार’ बनाउन नहुने तर्क गरेका थिए । अर्को पक्षकाले ब्यारेकमा त्यतिकै बस्ने सेनालाई विकास निर्माणको काममा लगाउनु सकारात्मक कदम भएको भन्दै समर्थन जनाएका थिए । विवादकैबीच सेनाले काम थाल्यो, लक्ष्य थियो चार वर्षमा काम सम्पन्न गर्ने । तर, सेनाले २०८३ सम्ममा पनि फास्ट ट्र्याक नबन्ने तर्क पेश गरेको छ । बुधबार राज्य व्यवस्था तथा सुशासन समितिमा प्रधानसेनापति प्रभुराम शर्माले अहिलेकै अवस्थामा २०८३ को चैतसम्ममा पनि फास्ट ट्र्याक पूरा नहुने बताएका हुन् ।

फास्ट ट्र्याकको काम लक्ष्यअनुसार प्रगति नभएको भन्दै सेनाको आलोचना भइरहेको छ । बुधबारको बैठकमा सांसदहरूले पनि सेनामाथि प्रश्न उठाए । तर, प्रधानसेनापति शर्माले समयमा काम नहुनुको मुख्य दोष विद्यमान कानुनलाई दिए । चारवटा रुख काट्न नौ महिना पर्खनुपर्ने कानुनी अल्झन देखाउँदै शर्माले संसदीय समितिमा उल्टै आक्रोश पोखे । यस्तो कानुन संशोधन नभई समयमा काम नबन्ने उनले बताए । कानुन निर्माण संसद्बाटै बन्ने भएको उल्लेख गर्दै उनले ‘तपाईंहरूले बनाइदिएको नियम’कै कारण काममा ढिला भएको भनी सांसदहरूलाई दोषी देखाए ।

वास्ताविकता नबुझी सेनामाथि आरोप आएको भन्दै प्रधानमन्त्रीसँग बुझ्नसमेत सेनापतिको आग्रह थियो । सेनापतिले भनेको झट्ट सुन्दा पत्यारलाग्दो विषय भए पनि चार वटा रुख कहाँको थियो, सेनाले उल्लेख गरेको छैन । अध्ययन नै सांसदहरू सेनापतिको तिखो जवाफमा ट्वाल्ल पर्ने नै भए ।

सेनाले हाकाहाकी अहिलेसम्म २८ प्रतिशतमात्रै प्रगति भएको संसदीय समितिमा सुनाउँदा सांसद्हरू मौन बस्नमात्र सके । काठमाडौंतर्फको प्रस्थान बिन्दु खोकना क्षेत्रको ६.५ किलोमिटरमा मुआब्जा विवाद चलिरहेको छ । अझै ४०६ रोपनी जग्गाको मुआब्जा दिन बाँकी रहेको जसमध्ये खोकना बुङमती क्षेत्रमामात्र २९० रोपनीमा मुआब्जा दिन बाँकी रहेको जनाएको छ । कूल दुई खर्ब ११ अर्ब ९३ करोड लागतको फास्ट ट्र्याकमा अहिलेसम्म ५२ अर्ब ८६ करोड खर्च भएको जानकारी सेनाले दिएको छ । राष्ट्रिय गौरवको आयोजनाको यो अवस्था हुनुमा को दोषी ? सरकार, कानुन बनाउने संसद् वा कामको ठेक्का लिने नेपाली सेना ? यहाँ आफ्नो कमजोरी स्वीकार्न कोही तयार छैनन् । एकले अर्कोलाई दोषी देखाएरमात्रै समाधान हुने होइन, समस्याको पहिचान गरी तत्काल समाधान गर्नुको विकल्प छैन ।

## मनन्योग्य

### चाणक्य नीति

हीरा पन्ना, मोती, माणिक्य, हात्ती, घोडा, कालीगढीको अदभूत सर्वोत्तमः नमुना उत्तम वस्त्र श्रद्धापूर्वक दिइने भेटले आंगन भरियो । घोषणा गर्नेल भेट चढाउने सोमदत्तको नाम पुकारेपछि उसले आफू आसनबाट उठी पहिले आफ्नो परिचय काश्मीरी व्यापारीका रूपमा दियो र भन्यो- ’म मगध सम्राटको सेवामा एक अनुपम उपहार अर्पण गर्दैछु जुन अहिले मणिमाणिक्य र अमूल्य मोतीबाट लिनेछु जसले वास्तवमा महाराज र दरबारियालाई अवश्य आकर्षित गर्नेछ ।’

सोमदेवले चारैतिर चारैतिरबाट ढाकिएको डोलीको पर्दा हटायो । त्यो हटेपछि त्यसबाट एक विश्वमोहिनी युवती बाहिर निस्की । पूर्णयौवना सुन्दरी निलो साडीमा सेतो मोतीको मानाने सुशोभित सुन्दरी देख्ने दिनलाई जति सबै भएर किंकर्तव्यविमूढ भए उसका रूप एवम् लावण्यले सम्पूर्ण एक अज्ञात सम्मोहनमा परे ।

सबैको सम्मोहन सोमदेवका स्वरले भंग भयो । यी परम सुन्दरीलाई म आफ्नो तर्फबाट महाराजालाई उपहार चढाउँछु । कोइलीको जस्तो मला भएकी यी सुन्दरी नाना किसिमका नृत्यमा उत्कृष्ट भएकीले हरेक दृष्टिकोण महाराजको दरबारको शोभा बढाउनेछिन् । सबैतिरबाट अद्वितीय उपहारको प्रशसामा वाह-वाहको स्वर सुनिन चन्द्रगुप्त पनि यी सुन्दरी प्राप्तिको हर्ष लुकाउन सकेनन् । उनका मुखबाट उत्ताउलोपना प्रकट भइरहेथ्यो तर आचार्य चाणक्य भने कतै अर्कै दुनियाँमा थिए ।

अचानक चाणक्यले उठ्दै त्यहाँ उपस्थित सबैतिर हेर्दै गम्भीर स्वरमा भने- ‘हामी तिम्रा उपहारले प्रसन्न छ । वस्तुत तिम्रो यो उपहार आजका सबै उपहारभन्दा अनौठो छ, हामी यसलाई सहर्ष स्वीकार गर्दछौं ।’

अनि राजा पर्वततिर फर्कदै आचार्य चाणक्यले भने- ‘हामी हामा सहयोगी राजा पर्वतकलाई आजको उत्सवको यो सबैभन्दा अनौठो उपहार उनको बहुमूल्य सहयोगका लागि प्रदान गर्दछौं ।’

चन्द्रगुप्त र अन्य सबै उपस्थित समूह चाणक्यका यी शब्दले आश्चर्यचकित भए । उता राजा पर्वतकको प्रसन्नताले हर्षको सीमा रहेन । उनले नमानी नै सर्वस्व प्राप्त भएजस्तो ठाने । चाणक्यले सभाविसर्जनको संकेत दिदै चन्द्रगुप्तलाई साथ लगाई गोप्य घरमा लगे ।

# समाजवादी क्रान्ति र शिक्षाको कार्यभार



▶▶ मिलन आफन्त

> मानव समाजले युगौंदेखि सञ्चित विशाल पुँजी प्राप्त गरेको छ, जुन निरन्तर बढिरहेको छ । प्रत्येक नयाँ पुस्ताले त्यस उच्चतम प्रगतिको उपयोग गर्छ । यसप्रकार मान्छेले आनुवंशिकताका आधारमा होइन, परिपक्वताका आधारमा विशाल ज्ञान प्राप्त गर्छ । यसले जनावरहरूमा ज्यादै कम भूमिका खेल्छ तर मान्छेका हकमा यो ‘सबथोक’ सावित हुन्छ । यसले एक पुस्ता र अर्को पुस्ताका बीचमा अत्यन्त रोचक र कसिलो सम्बन्ध गाँसिदिन्छ ।

हामी समाजको मूलभूत रूपान्तरणको प्रक्रियाबाट गुज्रिरहेका छौं । समाजको यस्तो रूपान्तरण अर्थात् समाजवादी क्रान्ति । ‘पृथ्वीमा न्यायको स्थापना’ लामो समयदेखि मानवचिन्तनमा हाबी हुँदै आएको छ । समाजवादी क्रान्ति गर्ने मार्क्सवादी-लेनिनवादी विचारका अतिरिक्त यस्ता अनेक प्रवृत्ति पनि छन्, जस्तोः बुर्जुवा समाजलाई नै लिन सकिन्छ, जुन समाजको संरचना कति धेरै असन्तोषजनक छ र मान्छे पनि कति धेरै अनैतिक, असौन्दर्यबोधी र अपूर्ण छ । म यहाँ मान्छे कस्तो हुनुपर्छ भन्ने रोचक प्रश्नमा केन्द्रित हुन्नँ । म के कुराको मात्रै उल्लेख गर्न चाहन्छु भने अन्य सामाजिक सुधारकहरू (ठूला-साना व्यक्तिगत र जनआन्दोलन)ले बच्चा अथवा वयस्क हुँदाका बखतमा मान्छेको पुनःनिर्माण विशेष शिक्षाको माध्यमबाट गर्न सकिन्छ र गर्नैपर्छ भनेका छन् । उनीहरूको विचारमा एउटा पूर्ण मान्छे सामाजिक जीवनको अझ अघिल्लो विकास र सुधारको पूर्णशर्त हो ।

हामी उदारवादी र युटोपियावादीहरूको दृष्टिकोणसँग विल्कुलै असहमत छौं । हामीले भन्दै आएका छौं कि समाज, जसभित्र हामी रहेका छौं, मानवजातिको रूपान्तरण सौन्दर्यशास्त्रीय उपदेश या नैतिक विधिहरूले गर्न सकिँदैन, चाहे शासकवर्गले त्यसका लागि अनुमति किन नदेऊन् । हाम्रो त योजना अर्कै छ- पुँजीवादीद्वारा निर्धन तुल्याइएको सर्वहारा वर्गले सम्पूर्ण जीवन र मानवजातिलाई वैचारिकरूपमा संसारभरका सर्वहाराको एकताको पक्षमा सजिलै एकगठ बनाउँछ । त्यो वर्ग सर्वगुण सम्पन्न अर्थात् पूर्ण नभए पनि एकमात्र क्रान्तिकारी शक्ति हो, जसले आफ्नो हातमा सत्ता पार्न सक्छ, अन्य शक्तिहरूलाई आफ्नो इच्छा तथा आदेश मान्न बाध्य पार्छ र जीवनलाई पुनगर्ठन गर्दै अघि बढ्न सक्छ ।

मार्क्सले यस कुरालाई यसरी भनेका छन्, ‘सर्वहाराहरूको सामाजिक क्रान्ति लामो अवधिमा पूरा हुन्छ, कयौं दशकसम्म सर्वहाराहरूले केवल आफ्नै वातावरण बदल्न खर्चिनुपर्ने छ । त्यससँगै आफूलाई पनि बदल्नुपर्ने छ र त्यस प्रक्रियाको अन्त्यमा मात्र सर्वहारा वर्ग समाजवादी व्यवस्था स्थापना गर्नका लागि निकै उपयुक्त शक्ति हुन पुग्छ ।’

समाजवादबाट कम्युनिस्ट संरचनामा संक्रमणका लागि लाग्ने समयलाई छोटचाउन शैक्षिक प्रक्रियासँग सम्बन्धित विषयमा लेनिनले अत्यन्त रुचिकर र उपयोगी निर्देशन दिएका छन् । लेनिनले के कुरामा जोड दिएका छन् भने, ‘कम्युनिस्ट र सर्वहाराहरूले समाजवादको उद्देश्य केवल औपचारिक मानव सम्बन्ध, ऐन कानुनहरू बदल्नु, या त मेसिनहरूबाट सुरु गरेर विद्यमान परिस्थिति तथा दैनिक जीवननिर्वाहका कामसम्म आइपुग्दा मान्छेका बारेमा पूर्णतः नजरअन्दाज गरेर भौतिक सम्बन्धहरू बदल्नु हो भन्ने हो भने त्यो ठूलो भ्रम र घातक भूल ठहरिन्छ ।’

लेनिनले भनेका छन्- निर्माणकार्य स्वयंले मान्छेलाई परिवर्तन गर्दैन, त्यसकारण राजनीतिक र आर्थिक सफलताको दृष्टिले आफ्नो हातमा लिनासाथ सांस्कृतिक क्रान्तिमा जुट्नुपर्छ, नत्र त्यो काम उद्देश्यविहीन र अर्थहीन हुनपुग्छ । किनभने, राजनीतिक चेतनालाई दृढ बनाउने, किसान तथा श्रमजीवी, बुद्धजीवीहरूमाथि पार्ने सर्वहरावर्गीय प्रभाव मजदुरहरूले प्राप्त गर्ने राजनीतिक शिक्षा र सांस्कृतिकस्तरमा भर पर्छ । भविष्यमा हाम्रो स्थान ग्रहण गर्ने नयाँ पिढीलाई राजनीतिकमात्रै दिनु सबैथोक होइन, आंगिक कार्यभारले पनि उत्तिकै महत्त्व राख्छ । वयस्क (अधवैंसे)लाई पुनःशिक्षा युवा तथा बालबच्चालाई दिइने शिक्षा नै आर्थिक तथा राजनीतिक सफलताको पूर्वशर्त हो, जसले सर्वहाराहरूको सम्पूर्ण खाले आन्दोलनलाई साँचो अर्थ प्रदान गर्दछ । त्यसैले मानव जीवनको रूपान्तरणलाई पनि पूरा गर्छ । यसअर्थमा शैक्षिक प्रक्रियाले मुख्य स्थापना प्राप्त गर्छ ।

लेनिनले भनेका छन्, ‘हाम्रा पुराना पुस्ताले पुराना पूर्वाग्रह र जीवनका कुरूपताको फोहोर कम्मर-कम्मरसम्म भासिएर मानव जीवनलाई रूपान्तरित गर्नुपर्ने छ । हामी अहिले पनि खोटो मान्छे नै हौं, समाजवादी भइसकेका छैनौं । तर हामी त्यस दिशातर्फ ताकिरहेका छौं । हामी आफ्नो व्यवहारलाई हामीले चाहेजस्तो रूपमा बदल्ने कसरत गर्दै छौं । त्यो मान्छे, जसले आफ्नो जीवनको ठूलो हिस्सा अथवा भनौं युवावस्था पुरानो व्यवस्थाअन्तर्गत बिताएको छ भने उसले आफूलाई सबै प्रकारका अहम्ता र व्यक्तिवादी निम्न बुर्जुवा जीवनको आकर्षणहरूबाट मुक्त तुल्याउन बडो कठिन छ ।’

मान्छेको त्यस्तो उज्यालो व्यक्तित्व जस्तो कि लेनिनमा थियो आर्थात् उनमा भएको दृढता र समान्जस्यताले हामीलाई चकित तुल्याउँछ । उनमा यस्तो चिज थियो जुन कम्युनिस्ट र सर्वहराहरूका बीचमा रहेका औसत मान्छेमा पाइँदैन । मुख्य कुरा के हो भने जीवनको ठूलो हिस्सा अव्यवस्थित वातावरणमा बिताएकाहरूलाई हामीले समाजवादी व्यवस्थाले माग गरेअनुरूप शिक्षित गर्नुपर्छ, उनीहरूको बानीबेहोरा, काम र सामान्य शारीरिक गठनलाई पनि समाजवादी व्यवस्था अनुरूप तीव्ररूपमा ढाल्नुपर्छ ।

क्रान्ति सम्पन्न भइसकेपछि पनि शिक्षाको प्रक्रिया कठिनाइमुक्त नै छ । हामीनिकट रहेको पुस्ताले आफ्नो जीवनलाई पुराना परिस्थितिबाट मुक्त गर्ने छ भनेर हामी अहिले पनि ठोकुवा गर्न सक्दैनौं । किनभने अहिलेको संक्रमणकालीन अवधिमा त्यस्तो द्वीप अथवा द्वीपहरूको समूह नै रहेको छ, जसको चारैतिर फोहोर समुद्रले घेरा हालेको छ । यद्यपि, त्यहाँ पनि समाजवादी व्यवस्था त स्थापना भइसकेको छ । त्यसकारण शिक्षाका कठिनाइहरू विशाल छन् । मानव इतिहास अथवा मानव सभ्यतामा शिक्षा प्रणालीको स्वरूप कस्तो रहेको छ, त्यसको के महत्त्व छ र त्यसलाई कसरी हाम्रो अनुकूलताअनुसार बदल्न सकिन्छ ? यस विषयमा हामीले विशेष ध्यान दिनुपर्छ ।

मान्छे सामाजिक रूपमा प्राप्त तथा हस्तान्तरित अनुभवका आधारमा निर्वाह गर्ने भूमिकाका आधारमा जनावरभन्दा भिन्न छ । पाँच हजार वर्षयता मान्छे अन्य जनावरजस्तै शारीरिक वनावट र क्रियाकलापमा वैज्ञानिकरूपमा बदलिएका छैनन् । उदाहरणका लागि तपाईंले यसै साल लण्डनमा जन्मेको बच्चालाई अहिलेको सभ्यतादेखि पूर्णतः अलग राखेर हुर्काउनुभयो भने त्यो बच्चा अधकल्चो जनावरमात्र बन्ने छ । किनकि, जनावरहरूले सहज प्रवृत्तिको ठूलो विरासत पाएका हुन्छन्, जुन मनुष्यले प्राप्त गरेका हुँदैनन् । तर पाँच हजार वर्ष पहिले आफ्नो जीवनको चरमोत्कर्षमा पुगेको मान्छे र आजको मान्छे अर्थात् बर्बर युग र समकालीन अंग्रेज युगलाई दाँज्ने हो भने आकाश-पातलको भिन्नता पाइन्छ । यसप्रकारको भिन्नता ज्ञान, प्रकृतिमाथिको पकड, भाषा जुन कुराहरू बितेका सभ्यताका परिणाम हुन्, ती विषयमा प्राप्त परिपक्वताबाट शिक्षामा नयाँ ज्ञान हासिल गरिन्छ ।

मानव समाजले युगौंदेखि सञ्चित विशाल पुँजी प्राप्त गरेको छ, जुन निरन्तर बढिरहेको छ । प्रत्येक नयाँ पुस्ताले त्यस उच्चतम प्रगतिको उपयोग गर्छ । यसप्रकार मान्छेले आनुवंशिकताका आधारमा होइन, परिपक्वताका आधारमा विशाल ज्ञान प्राप्त गर्छ । यसले जनावरहरूमा ज्यादै कम भूमिका खेल्छ तर मान्छेका हकमा यो ‘सबथोक’ सावित हुन्छ । यसले एक पुस्ता र अर्को पुस्ताका बीचमा अत्यन्त रोचक र कसिलो सम्बन्ध गाँसिदिन्छ । यो इतिहासको धारजस्तै हो, जसमा नयाँभन्दा नयाँ मान्छेहरू पैदा हुन्छन् तर पनि नयाँ पुराना ती दुवै पुस्ता एकै हुन् । किनकि यी मान्छेहरू विद्यालय, पुस्तकालय, आर्थिक जीवन र संस्कृति पुरानै ग्रहण गर्छन्, र स्वयं नयाँ पनि निर्माण गर्छन् ।

मानव समाजमा नयाँ, ताजा, झर्झराउँदा, कलकलाउँदो मानवसामग्री जसले पुराना र ओइलाएका रुखका पातहरूको ठाउँ लिन्छन् तर विगतका त्यस विशाल उपलब्धिसँगसँगै विगतका रोग पनि अपनाउँछन् । कुनै पनि मान्छे, जो कुटिल र निकम्मा समाजमा जन्मेको छ, उसले विगतका सारा पूर्वाग्रह, कुरूपता र दोष ग्रहण गर्छ । प्रत्येक नयाँ पुस्ताले विगतका सञ्चित ज्ञानबाट लाभमात्र प्राप्त गर्दैन, त्यसका रोग (मेरो आशय यहाँ शारीरिक होइन, सामाजिक रोगसँग जोडिएको छ) बाट पनि संक्रमित हुन पुग्छ । हाम्रो कार्यभार हो, मानवजातिको जीवित धारामा एउटा शक्तिशाली फिल्टर या यस्तो कार्यभार हो, मानवजातिको जीवित धारामा एउटा शक्तिशाली फिल्टर या यस्तो प्रिज्म तयार पार्नुपर्छ, जसले नयाँ मानवसामग्रीलाई आफ्नो सभ्यताद्वारा निर्मित सारा रचनात्मक कुराले भरिपूर्ण बनाओस तर सामाजिक कुरूपता, पूर्वाग्रह, थरीथरीका रोग लाग्न नदेओस र मानवधारालाई शुद्ध बनाओस ।

हाम्रा विद्यालयका दोहोरा काम छन्ः पहिलो, नयाँ संस्कृति, नयाँ विज्ञान, त्यसभन्दा पनि पहिले सर्वहारा विज्ञान, मार्क्सवाद, सर्वहारा संगठन, कम्युनिस्ट विचारमाथि जोड दिँदै विगतका सम्पूर्ण ज्ञान हस्तान्तरित गर्नु । दोस्रो, पुराना विचार बालबालिकासम्म पुग्न रोक्नु, जुन पुरानो समाजको विरुद्ध हामी लडिरहेका छौं, त्यसबाट बालबच्चालाई प्रदूषित हुन नदिन कुनै पनि कसर बाँकी नराख्नु ।

हामी शिक्षाशास्त्रको सम्पूर्ण इतिहास र विश्वमा यसको वर्तमान अवस्थाका बारेमा पोख्त हुनु आवश्यक छ । तर हामीलाई राम्ररी थाहा छ कि विद्यमान विद्यालय तथा शिक्षाशास्त्रका उद्देश्य हाम्रा उद्देश्यभन्दा विल्कुल विपरीत छन् । अधिकांश अराजनीतिक विद्यालय, स्वतन्त्र बालबच्चाहरूको विद्यालय र हाम्रो वर्गीय विद्यालयका बीचमा ‘गोरु बेचेको साइनो’ पनि छैन । हामीले यी भवनहरू जगदेखि धुरीसम्म आफ्नै हात र भौतिक साधनको व्यापक अभावका बीचमा निर्माण गरेका छौं । हाम्रा नेताहरूले दिएका निर्देशनलाई हामी पर्चाको रूपमा छापेर सूक्ष्मदर्शक यन्त्रको रूपमा उपयोग गर्न सक्छौं तर यत्रो विशाल भवन सूक्ष्मदर्शक यन्त्रले मात्रै त बन्दैन, त्यो मात्रै पर्याप्त हुँदैन ।

अहिले पनि बालबच्चालाई सबै प्रकारको शिक्षा दिनका लागि हामीसँग पर्याप्त साधन छैनन् । त्यसका साथै हाम्रा विद्यालयहरू निश्चित मानकका आधारमा निर्माण गर्नका लागि पनि साधनस्रोतको अभाव छ । यहाँसम्म कि हाम्रा प्राथमिक विद्यालयमा सबै बालबच्चाहरू पढ्दैनन्, माध्यमिक तहमा त एकदम थोरैमात्र पढ्छन् । अब हामी प्रत्येक विद्यार्थीहरूको विद्यालयस्तरीय शिक्षाका लागि जारशाही पालामा गरिने खर्चको ५० प्रतिशत रकममात्र लगानी गर्दै छौं । प्राथमिक विद्यालयका शिक्षकहरूको युद्धपूर्वको नगण्य तलबको पनि ७५ प्रतिशत र माध्यमिक तहका शिक्षकहरूको तलब ५० प्रतिशत दिनसक्ने स्थितिमा छौं । यसले हामी कति ठूलठूला कठिनाइ र बाधा सामना गरिरहेका छौं भन्ने स्पष्ट हुन्छ । यसमा कसैको दोष छैन किनकि अत्यन्त थोरै राजकीय साधन स्रोतको बाँडफाड यसभन्दा फरक पाराले गर्न सक्ने स्थितिमा हामी छैनौं ।

## पत्र-मञ्जुषा

### घरजग्गा कारोबार बढेको भए मूल्य किन बढेन ?

सरकार कात्तिकभन्दा मंसिरमा घरजग्गा कारोबार बढ्यो भन्छ । बजारमा भने घरजग्गाको मूल्य बढेको छैन । लिखित, अंशवण्डलगायत विभिन्न काम मालपोत कार्यालयबाट हुन्छ । यो सबै काम गर्न मालपोत नै जानुपर्ने अवस्था छ । सरकार भन्छ, ‘घरजग्गा कारोबार बढ्यो ।’ तर, कारोबार बढ्यो भने मूल्य किन झन्झन् घटिरहेको छ ।

उदाहरणका लागि बुबाको सम्पत्ति भागबण्ड लगाउनुपऱ्यो भने पनि मालपोत नै धाउनुपर्छ । चार सन्ततिको नाममा त्यो सम्पत्ति पास गरिदिँदा मालपोतमा कारोबार संख्या बढ्न पुगेको हो । तीन वर्षअघि करोडमा किनेको घडेरी अहिले लाखमा बेच्छु भन्दासमेत किन्ने कोही भेटिँदैन ।

मानिसहरूले आपत परेपछि करोडको माल लाखमा दिएका छन् । बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न, व्यापार व्यवसाय चलाउन वा घरायसी प्रयोजनका लागि पैसाको खाँचो परेपछि मानिसहरू करोड मूल्य पर्ने घरजग्गासमेत लाखमा दिन बाध्य भएका छन् । बजारमा घरजग्गाको मूल्य बढेको छैन ।

मालपोतमा अंशबण्ड, नामसारी गर्नेको संख्या बढेको हो । घरजग्गाको मूल्यमा अझै गिरावट आउने भएपछि मानिसहरूले सस्तोमा बेचिरहेका छन् । अंशबण्डा, नामसारी वा सस्तोमा घरजग्गा बिक्रीवितरण गर्दासमेत राज्यलाई राजस्व बुझाउनुपर्छ । यसले राज्यलाई भने फाइदा भएको छ ।

घरजग्गाको कारोबार गर्ने धेरै दलालहरू सम्पर्कविहीन भइसकेका छन् । काठमाडौं उपत्यकाभित्र तथा बाहिरी जिल्लामा तीन वर्षअघि आनाको करोडसम्म थियो जग्गाको मूल्य । तर, केही वर्षयता जग्गाको मूल्य नै छैन । घरजग्गा भ्यालसिन गर्न खोलेका कम्पनीहरूले पनि भ्यालसिन गर्न सकेका छैनन् ।

बैंक तथा वित्तीय संस्था त टाट पल्टिने अवस्थामा पुगिहाल्यो । सहकारी, फाइनान्स, लघुवित्त त घरजग्गाकै कारण भागेको पनि छर्लंग छ । चार दशकअघि ठाउँअनुसार आनाको २० हजारदेखि लाखमा जग्गा किनियो । लाखमा किन्ने एक वर्षपछि तीन लाखमा बेच्यो । तीन लाखमा किन्नेले दुई वर्षपछि १० लाखमा बेच्यो ।

दश लाखमा किन्नेले तीन वर्षपछि २५ लाखमा बेच्यो । २५ लाखमा किन्नेले चार वर्षपछि ६० लाखमा बेच्यो । यता, ६० लाखमा किन्नेले भने पाँच वर्षपछि करोडमा बेच्यो । करोडमा किन्नेले डेढ करोडमा बेच्न खोजेको थियो । तर, त्यो व्यक्ति चुलुम्मै डुबेको छ । अहिले घरजग्गा चार दशकअघिकै मूल्यमा फर्किएको छ । घरजग्गाको मूल्य सरकारले बढाएको होइन । दलाली, बिचौलियाले मूल्य बढाएका थिए । त्योसँगै बैंक, सहकारी, लघुवित्तले बढी ब्याज र घुसको प्रलोभनमा आँखा चिम्लेर कर्जा प्रवाह गर्दा पनि मूल्य बढेको थियो ।

छिट्टै नाफा कमाउने प्रलोभनमा बैंक तथा वित्तीय संस्था, विभिन्न कम्पनी, संघसंस्था तथा व्यक्तिहरूले घरजग्गामै लगानी गरे । सरकारी कर्मचारी, राजनीतिक दलका नेताहरूकोसमेत यसमै लगानी छ । केही वर्षयता घरजग्गा कारोबारमा मन्दी छाएको छ ।

भूमि सुधार मन्त्रालयले जग्गा व्यापार गर्ने होइन, उब्जनी गर्ने हो भनेर सोचेन । जति जग्गा किनबेच भयो, त्यति नै राज्यलाई राजस्व आउने भएपछि खेतीयोग्य जमिनसमेत खण्डीकरण गर्न दिइयो । अहिले मुलुकमा खाद्यान्न संकट निम्तिने संकेत समेत देखा परेको छ ।

एउटा घरमा ठाउँअनुसार जग्गा र घर गरी करोडदेखि अर्बसम्म लगानी गरिएको छ । त्योबाट राज्यले सुको कर पाएको छैन । घर भाडामा लगाएर महिनामै लाखदेखि करोड उठाइन्छ । त्यसको पनि राज्यलाई राजस्व तिरिँदैन । सरकारले पनि घरलाई घरेलु वा कम्पनीमा लैजाने निर्णय गरेको छैन ।

घरको छ/छ महिनामा प्राधिकरण चेकजाँच गर्नुपर्ने, पञ्जीकरण गर्नुपर्ने र यसो नगर्ने घरलाई घर सम्पन्नताको प्रमाणपत्र नदिने तथा राज्यबाट उपलब्ध हुने सेवासुविधा कटौती गरिदिने निर्णय सरकार गर्दैन । अहिले घरहरू धमाधम खाली हुन थालेका छन् । टेन्सनका कारण घरधनीहरूलाई निद्रा लाग्दैन । एकातिर बैंकबाट लिएको ऋण, अर्कोतिर घरको कोठा खाली । बैंकको ऋण तिर्न घर बेच्छुभन्दासमेत किन्ने कोही छैन । फेरि बेच्दा लगानी गरेको मूल्यसमेत नउठ्न अवस्था छ । घरको मूल्य दलालहरूले बढाएका थिए ।

जग्गा खण्डीकरण गर्नुका साथै यसको मूल्य उच्च बिन्दुमा पुऱ्याउनुमा दलालीहरूकै हात थियो । सरकारले निर्धारण गरेको मूल्यअनुसार आनाको एक लाख भएको जग्गा दलालीहरूले ६० लाखमा बेचे । दलालीहरूकै कारण लाखौं सर्वसाधारण डुबेका छन् । उनीहरूको बिचल्ली भएको छ ।

सुकुम्बासीको अवस्थामा पुगेका छन् । घरजग्गाकै कारण मुलुकको अर्थतन्त्र डामाडोल हुन पुग्यो । बजारमा पूरै मन्दी भयो । र, अहिले पनि कायमै छ । घरजग्गा दलालीहरूले सयौंलाई डुबाए, अनि आफू धनी बने । सेयरमा पनि त्यही भएको छ ।

मुलुक र जनताको अर्थमन्त्री र गभर्नर नबनी उनीहरू घरजग्गा र सेयर दलालीहरूको झोले बनेका छन् । मूल्य बढेको देखेर अहिले सेयर किन्नेहरू केही दिनपछि नै टाउकोमा हात लगाउन बाध्य हुने छन् । सर्वसाधारण जनता सक्षम हुनुपर्छ । कागले कान लग्यो भनेर त्यसको पछि भाग्नुअघि आफ्नो कान छ कि छैन भनेर हेरौं ।

–अनुषा थापा, भक्तपुर

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# दलित समुदायले उत्पादन गरेको दूध संकलन नगरे कारबाही

**ढोरपाटन (बागलुङ)–** बागलुङको काठेखोला गाउँपालिकामा सागसब्जी तथा दूध उत्पादन गर्दै आएका किसानको संख्या धेरै छ । विशेषगरी वडा नं २, ५ र ६ का किसानले बाह्रै महिना दूध उत्पादन गर्छन् । ब्राह्मण समुदायले घरबाटै दूध बिक्री गर्छन् तर दलित समुदायले सहकारीमार्फत पनि दूध बिक्री गर्न पाएका छैनन् । गाउँमा दूध संकलन गर्ने सहकारी तथा विभिन्न संस्थाले दलित समुदायले उत्पादन गरेको दूध नउठाइदिने गुनासो बढिरहेको छ ।

सरोकारवाला निकायले नै चासो नदिँदा दूध बिक्री गर्न नसकिएको दलित अधिकारकर्मी बताउँछन् । काठेखोला गाउँपालिकाले दलित समुदायले उत्पादन गरेको दूध बिक्रीमा आनाकानी गर्ने संघसंस्था तथा व्यक्तिलाई कारबाही गर्ने चेतावनी दिएको छ ।

गाउँपालिकाका प्रवक्ता टीका संगम विकले दलित समुदायका किसानले उत्पादन गरेको दूध बिक्री नभएको गुनासो आएपछि गाउँपालिकाले कानुनअनुसार कारबाही गर्ने राससलाई बताए । काठेखोलामा दूध बिक्री गरेरै धेरै किसानले परिवार चलाउँदै आएको भन्दै प्रवक्ता विकले गाउँपालिकाले पनि उनीहरूको सहजगताका लागि गाउँपालिका-२ अक्षतेमा दूध संकलन केन्द्र स्थापना गर्ने बताए । काठेखोलाको दूध बागलुङ बजारसँगै पोखरामा पनि बिक्री हुने गरेको छ ।

'संघसंस्था हुन् वा व्यक्ति कसैले पनि जातीय विभेद गरेर असामाजिक गतिविधि गर्न पाइँदैन, पछिल्लो समय छुवाछूत र विभेदका कारण दलित समुदायले उत्पादन गरेको दूध बिक्री नभएको गुनासो बढेको छ,' प्रवक्ता विकले भने, 'गाउँपालिकाले यसलाई गम्भीररूपमा लिएको छ । अब जातीय विभेद भयो भने कानुनी दायरामा ल्याउन पालिका नै अग्रसर हुने कार्यपालिकाले निर्णय गरेको छ । हरेक नागरिकको पेसा व्यवसाय गरेर बाँच्न पाउन अधिकार हुन्छ । किसानको सहजगताका लागि गाउँपालिकाले पनि अक्षते बजारमा दूध संकलन केन्द्र स्थापना गर्ने छ ।'

काठेखोला गाउँपालिका-१ पालकाकी अस्मिता विकले दूध उत्पादन भए पनि बिक्री गर्न निकै समस्या भएको बताइन् । हिउँदमा कम भए पनि बर्षायाममा बढी दूध उत्पादन हुने तथा त्यो खेरजाने दुखेसो गरिन् । छरछिमेकीको घरको दूध बिक्री भए पनि दलित परिवारको नहुने उनले गुनासो पोखिन् । आफूहरू अन्यायमा पर्दा पनि सरोकारवाला निकाय मौन रहेको विक बताउँछिन् ।

सरकारले २०६३ जेठ २१ गते नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको हो । त्यसयता पनि हाम्रो समाजमा छुवाछूत र जातीय विभेद कायमै छ । काठेखोला गाउँपालिका-२ भीमापोखराका चिन्तामणि विकले लामो समयदेखि दूध बिक्री नभएकामा संघर्ष गर्दै आएको बताए ।

गाउँमा दूध संकलन र बजारसम्म पुऱ्याउनका लागि सहकारी स्थापना भए पनि आफूहरूलाई सेयर सदस्यसमेत बन्न नदिएको बताए । *रासस*

# 'युवालाई स्वदेशमै टिकाउने कार्यक्रम आवश्यक'

**गण्डकी–** 'पछिल्लो समय नेपाली कांग्रेससँग नयाँ पुस्ता खुसी नभएको तथा पार्टीमा नयाँ पुस्ता जोडिन नसकेको गुनासो बढ्दै गएको छ । पुरानो पार्टीबाट देश बन्दैन, यिनीहरूले देश बिगारे भन्ने भाष्य विकास गर्न खोजिएको छ ।'

पोखरामा सम्पन्न नेपाली कांग्रेसको गण्डकी प्रदेश सम्मेलनमा प्रदेश सभापति शुक्रराज शर्माले प्रस्तुत गरेको अवधारणापत्रमा भनिएको छ । सभापति शर्माले भनेजस्तै पछिल्लो समयमा कांग्रेसमा मात्र नभई पुराना राजनीतिक दलमा यो समस्याबारे चर्चा हुने गरेको छ । कांग्रेस सम्मेलनको उद्घाटनसत्रमा मात्र होइन बन्द सत्रका अधिकांश सहभागीले पनि पार्टीमा युवा शक्तिको आकर्षण घटेको दुखेसो गरेका थिए ।

संघीय सरकार होस् वा प्रदेशिक अथवा स्थानीय अधिकांश नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका कांग्रेसजनले बढ्दो युवा पलायनलाई रोक्न विशेष प्रयास गर्नुपर्नेमा जोड दिएका थिए । विदेशिएका युवा शक्तिको क्षमता र साधनलाई राष्ट्र निर्माणमा परिचालन गर्न भरपर्दो कानुनी सुरक्षा प्रदान गर्ने वातावरण तुरुन्त निर्माण गरे पार्टीको साख बचाउन मद्दत पुग्ने सम्मेलनको अवधारणापत्रमा समेटिएको छ ।

युवाको क्रियाशीलता, सहभागिता, नेतृत्व तथा समर्पणविना मुलुक निर्माणको अभिभारा पूरा गर्न नसकिने उल्लेख गर्दै अवधारणापत्रमा भनिएको छ, 'नेपालमा युवालाई बस्न, काम गर्न र व्यक्तित्व विकास गर्न अनुकूल वातावरण हामीले दिन नसक्दा युवा जनशक्तिको पलायन डरलाग्दो आकार र गतिमा हुँदै गएको छ । यसले समाजमा व्याप्त निराशाको प्रतिनिधित्वमात्र होइन थप निराशा र असन्तुष्टि पनि बढाउँदै लगेको छ ।'

युवामा आएको विचलन, निराशा र असन्तुष्टिले प्रजातन्त्रको भविष्य पनि धुमिल हुँदै गएको उल्लेख गर्दै सभापति शर्माले गैरजिम्मेवार शक्तिको हातमा मुलकको बागडोर पुग्ने जोखिम बढेर उल्लेख गरेका छन् । कांग्रेसले देशभित्र नै अवसर सिर्जना गरी युवालाई स्वदेशमा बस्ने वातावरण बनाउने अभियानको नेतृत्व लिनुपर्ने बताउँदै उनले युवालाई देशमै रोक्नका लागि युवा लक्षित कार्यक्रमहरू बढाउनुपर्नेमा जोड दिए ।

प्रशिक्षित, क्षमतावान युवाको नेतृत्व नभई परिवर्तन पनि बचाउन नसकिने उल्लेख गर्दै अवधारणापत्रमा युवासँग भएको सीप, जाँगर, अनुभव तथा शैक्षिक योग्यताका आधारमा सहुलियतपूर्ण ऋण प्राप्त गर्न सक्ने र यस्तो ऋण प्रदान गर्दा स्थापना गरिने व्यवसायलाई नै धितोको रूपमा लिने प्रबन्ध मिलाउनुपर्ने सुझाव दिइएको छ ।

निजी क्षेत्रसँगको सरकारी सहकार्य विस्तार गर्नुपर्ने भन्दै कांग्रेसले निजी क्षेत्रसँगको सहकार्यमा कसरी युवा जनशक्तिलाई देशमै सिकाउन, टिकाउन तथा बिकाउन सकिन्छ भन्नेबारेमा छलफल गरी सोहीबमोजिमको नीति कार्यान्वयनमा ल्याउनुपर्नेमा पार्टीले जोड दिएको छ । युवाहरूले आरम्भ गर्ने नवप्रवर्तनका कार्यक्रमहरूको स्वामित्व राज्यले लिने वातावरण बनाई युवालाई प्रत्येक पाइलामा सहयोग गर्ने नीति बनाइनुपर्ने भन्दै पार्टीले स्वदेशी उत्पादन तथा सेवाको उपभोगलाई प्राथमिकतामा राख्नुपर्ने बताएको छ ।

विदेशमा रहेका युवाहरूसँगको सम्पर्क वृद्धि गर्दै दीर्घकालमा उनीहरूलाई स्वदेश फिर्ता ल्याउन प्रयास गर्नुपर्ने भन्दै अवधारणापत्रमा तत्कालका लागि उनीहरूको सीप, अनुभव र पुँजीलाई देशमा भित्र्याउन आवश्यक सबै प्रयत्न गर्नुपर्ने उल्लेख छ । *रासस*

## Sunkoshi Rural Municipality
### Office of Rural Municipal Executive
Mulkharka, Okhaldhunga

## Invitation for Bids

**Date of Notice publication: Friday, December 22, 2023 (2080/09/06)**

1. **Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive** invites Electronic bids from eligible bidders for the following projects under **National Competitive Bidding procedures (NCB)**.
2. Eligible Bidders may obtain further information at Office of **Sunkoshi Rural Municipality, Office of Rural Municipal, Mulkharka, Okhaldhunga,** or may visit PPMO website www.bolpatra.gov.np./egp.
3. Bidder submit their bid electronically may purchase, download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost **NRs 3,000/-** till **Sunday, January 21, 2024** during office hours of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Machhapuchchhre Bank Limited**
   **Name of Office: Sunkoshi Rural Municipality**
   **Rajaswa (Internal revenue) Shirshak Account no. : 0950073610000031**
   **Rajaswa (Internal revenue) Shirshak no. : 14229 Office Code no.: 801011008**
4. Pre-bid meeting shall be held at Sunkoshi Rural Municipality Office, Okhaldhunga at 11:00 PM on **Thursday, January 11, 2024.**
5. Electronic bids must be submitted to the office Sunkoshi Rural Municipality Office, Okhaldhunga through PPMO website www.bolpatra.gov.np./egp on or before 12:00 Noon on **Monday, January 22, 2024.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on **Monday, January 22, 2024** at the **Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Okhaldhunga**. Bids must be valid for **a period of 90 (Ninety) days after bid opening** and must be accompanied by a bid security amounting to a minimum as specified in the following table which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:

   **Name of the Bank: Machhapuchchhre Bank, Mulkharka Okhaldhunga**
   **Name of Office: Sunkoshi Rural Municipality**
   **Dharauti Khata no. : 0950073610000045 Office Code no.: 801011008**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly. The employer reserves the right to accept or reject, wholly or partly any reason, whatever.

**Details of works**

| S. N | Contract Id No. | Description of Works | Estimated Amount (without VAT, PS & Contingency) | Bid Security Amount NRs. | Bid Fee Amount NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 06/NCB/RCWORKS/ SRM/080/081 | Swasthya Chauki Road Bato Marmat Sunkoshi 5 | 21,60,480.78 | 64,900.00 | 3,000.00 | |
| 2. | 07/NCB/RCWORKS/ SRM/080/081 | Aapsara dekhi Phalate Bhanjang hundai Thulme ghat Sadak Starunnati Yojana (Section B) | 38,47,142.06 | 1,15,500.00 | 3,000.00 | |
| 3. | 08/NCB/RCWORKS/ SRM/080/081 | Solung Khola Pahara Jholunge Pul-Lopse Turning-Aanpalp Dat Bata Kushadevi ma bi hundai Hayakule Aal Paiya Bot Pokhari Danda Chayanam Pokhari Mulkharka Gaunpalika Sadak Starunnati Yojana (Section B) | 44,94,738.97 | 1,35,000.00 | 3,000.00 | |
| 4. | 09/NCB/WSWORKS/ SRM/080/081 | Chyanam Khola Joge Saune Pani Hyakule Aahal Khanepani Sunkoshi 10(B) | 21,60,480.78 | 32,600.00 | 3,000.00 | |

**Chief Administrative Officer**

## साउदीमा रोजगारको अवसर

कम्पनी : **AL MOZN AL MOTALAQA CAR MAINTENANCE EST**

पुर्व स्वीकृति मिति २०८०/०९/०४ | LT No.296847 | चलानी नं. ६०२११८१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaner | 3 | 0 | 1000 | ३५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १३ गते (29th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर
फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **DAR ALABDALI LADIES GARMENTS TAILORING & TEXTILE CO.**

पुर्व स्वीकृति मिति २०७९/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०५ | LT. No. 263833 | चलानी नं. ६०१७९९५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cutting Master | 0 | 2 | 300 | १२९,६२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 0 | 19 | 140 | ६०,४९० | | | | | | | |
| 3 | Tailor | 0 | 4 | 175 | ७५,१६५ | | | | | | | |

कम्पनी : **GOOD SERVICE GENERAL TRADING CO.**

पूर्व स्वीकृति मिति २०७८/११/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०५ | LT. No. 258496 | चलानी नं. ६०१७५००५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 5 | 0 | 140 | ६०,४९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 195 | ८४,२५५ | | | | | | | |
| 3 | Helper | 4 | 10 | 110 | ४७,५३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १३ गते (29th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RESTORAN SUN YEONG WAI SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/०७ | LT. No. : 276057 | चलानी नं.: ६०१९१८२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RESTORAN WORKER | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १३ गते (29th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **YAHYA AHMED RAQWANI COMPANY LTD.FOR TRAD.&CONT.**

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | LT. No. 296793 | चलानी नं. ६०२११८६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 14 | 0 | 1800 | ६३,६७५ | | | | | | | |
| 3 | Electrical Cable Connecter | 1 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 4 | Electrical Machanic | 1 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 5 | Light Equipment Mechanic | 6 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४२,४५० | | | | | | | |
| 7 | Store Keeper | 1 | 0 | 1500 | ५३,०६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १३ गते (29th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TKTK WORLD RESTURANT TO PROVIDE MEALS**

पूर्व स्वीकृति मिति: २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०९/०५ | LT. No.292178 | चलानी नं. ६०२०७३३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1500 | ५३,२८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १३ गते (29th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np




### कार्यक्रम लिएर बेलायत उडे महजोडी

वरिष्ठ हास्य जोडी 'मह' अर्थात मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य बेलायत उडेका छन् । बेलायतको विभिन्न स्थानमा 'महजोडी युके टुर' कार्यक्रम प्रदर्शन गर्न उनीहरु बिहीबार बेलायत उडेका हुन् । बेलायत उडेको तस्बिरसहित कलाकार मदनकृष्ण श्रेष्ठले सामाजिक सञ्जालमार्फत जानकारी दिएका छन् । उनले लेखेका छन्, 'छोरा यमन श्रेष्ठ, छोरी सराना श्रेष्ठका साथ हरि र रमिलासहित लण्डन कार्यक्रममा प्रस्तुत गर्ने सिलसिलामा उड्दै गर्दा ।' द गोर्खा सेन्टरको आयोजना रहेको कार्यक्रम शनिवार हयारो र २४ डिसेम्बरमा अल्डरसटमा हुनेछ । कार्यक्रममा 'भ्वाइस अफ नेपाल' विजेता करण राई, कलाकार शर्मिला बर्देवा, यमन श्रेष्ठ र प्रकाश सपुत पनि सहभागी हुने बताइन्छ ।





# नेपाली 'कमेडी टुर' अमेरिकामा



■ प्रभाव संवाददाता

**काठमाडौं–** सांगीतिक टुरबारे त सुनिएकै हो, अब नेपाली कमेडियन टोलीले विदेशमा 'कमेडी टुर' समेत गर्ने भएको छ । बिहीबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा 'अब हाँस्छ अमेरिका' नामक कमेडी टुरबारे जानकारी दिइयो ।

हास्य कलाकारहरू सन्दीप क्षेत्री, सुमन कार्की, भरतमणि पौडेल, मेक्सम गौडेल, कैलाश कार्की, सजन श्रेष्ठ, सुमन कोइराला र सन्तोष थापा टुरमा सहभागी हुनेछन् । टिभी रियालिटी शो कमेडी च्याम्पियनबाट उदाएका यी कलाकारले पहिलोपटक यति बृहत रूपमा विदेशमा शो गर्न लागेका हुन् ।

कलाकारको टोली दुई सातापछि अमेरिका प्रस्थान गर्ने भएको छ । आयोजक फ्लाइ-नेपाका निर्देशक विनोद अधिकारीले दुई दर्जनभन्दा बढी अमेरिकी सहरमा कार्यक्रम हुने बताए । उनका अनुसार जनवरी ५ मा भर्जिनियाबाट कमेडी टुर सुरु हुनेछ ।

मनोरञ्जनसँगै अमेरिकामा रहेका नेपालीलाई सीप सिकेर स्वदेश फर्कन आग्रह गर्ने उद्देश्य पनि रहेको उनले बताए । कीर्तिमानी आरोही कामिरिता शेर्पाको सगरमाथा आरोहणसम्बन्धी डकुमेन्ट्री 'एभरेस्टमेन'का निर्देशकसमेत रहेका अधिकारीले भने, 'यो कार्यक्रम भनेको परदेशलाई घरदेशसँग जोड्ने कार्यक्रम हो । कोभिड महामारीपछि हामीलाई जुन शैलीको ताजगी चाहिएको छ, त्यो यो कार्यक्रमले पूरा गर्छ भन्ने हाम्रो विश्वास छ ।'

पत्रकार भेटघाटमा बोल्दै कमेडियन क्षेत्रीले आफूले अमेरिकामा विभिन्न अवसरमा कार्यक्रम गरेको भए पनि यसपटक भने भिन्न हुने बताए । 'अमेरिकामा धेरै पटक कार्यक्रम गरेको अनुभव छ । तर हास्य कलाकारको टोलीसँग मात्र मेरो पनि यो पहिलो कार्यक्रम हो । कार्यक्रमलाई लिएर हामी उत्साहित छौं, अमेरिकामा हाम्रो कार्यक्रम हेर्न आउनुहुने दर्शकलाई सन्तुष्ट बनाउने कुरामा सचेत पनि छौं,' उनले भने ।

उनले एक समय अमेरिका यात्राकै क्रममा के गर्छस् भनेर सोधिंदा स्ट्यान्ड अप कमेडियन हुँ भन्दा उनीहरूले दिएको सम्मानले यो पेशाप्रति नै गर्व लागेको पनि अनुभव सुनाएका थिए । भरतमणि पौडेलले महजोडीपछि हास्य कलाकारको टोली मात्र यति लामो भ्रमणमा निस्कन लागेको बताउँदै परम्पराको निर्वाहसँगै नयाँ दर्शकसँग भेट्न पाउने उत्साह रहेको जनाएका थिए ।

एक महिनाभन्दा बढी समय चल्ने टुर ह्यारिसबर्ग, मेरिल्याण्ड, पिटसबर्ग, कोलम्बस, एक्रोन, न्युयोर्क, बोस्टन, न्युह्याम्पसायर, कोलोराडो, सिकागो, मिसिगन, ह्युस्टन, डल्लास, अस्टिन, लस भेगास, लस एन्जलस, सनफ्रान्सिस्को लगायत सहरमा आयोजना हुने जनाइएको छ ।

# पारिवारिक कथामा फिल्म बनाउँदै निखिल



**काठमाडौं (प्रस)–** अभिनेता निखिल उप्रेतीले नयाँ फिल्म निर्माण गर्ने भएका छन् । सामाजिक पारिवारिक विषयमा उनले फिल्म निर्माण तयारी गरेका हुन् ।

छिट्टै छायांकन जाने गरेर फिल्म निर्माणको तयारी गरिरहेको निखिलले बताए । 'फिल्मका लागि तीन गीत रेकर्ड गरिसके । अन्य तयारी गरिरहेको छु', निखिलले थपे 'मेरो अबको फिल्ममा म बुबा र सञ्चिता आमाको भूमिकामा हुनेछिन् ।' छोराछोरीको पनि फिल्ममा अभिनय रहने उनले सुनाए ।

'मेरो फिल्म एउटा परिवारको कथा हो । तर नेपालमा अहिले बनेको भन्दा भिन्न छ', निखिलले थपे 'पुरै मनोरञ्जन दिने उद्देश्यले फिल्म बन्नेछ,' उनले भने, 'अहिलेको बच्चाबच्चीले गरिरहेको क्रियाकलाप सबैभन्दा ठुलो इन्सिडेन्ट, जो देशले याद गर्न सकिरहेको छैन । त्यो फिल्मले देखाउँछ ।'

फिल्म व्यावसायिक दृष्टिकोणबाटै निर्माण गर्ने सोच उनको छ । फिल्मको नाम पनि जुरिसकेको छ । तर अहिलेलाई गोप्य राख्ने उनले बताए । एक समय एक्सनमा राम्रो जमेका अभिनेता निखिल पछिल्लो समय अभिनय भन्दा 'आध्यात्मिक गुरु' को रूपमा अगाडि देखिँदै आएका छन् । केही अगाडिबाट 'समबोधी अभियान'को समेत थालनी गरेका उनले पछिल्लो समय 'भैरव' बनाएका थिए । भैरवपछि 'पिँजडा ब्याक अगेन' अभिनय गरेका उनले केही अगाडि 'भैरव'को सिक्वेल निर्माण गर्ने बताएका थिए । अहिले भने नयाँ फिल्म गर्ने तयारी गरेका छन् ।

## रंगशाला

एलपीएल क्रिकेट

# वीरगञ्जसँग काठमाडौं पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल सुपर लिग एनएसएलमा बिरगञ्ज युनाईटेडले सनसनीपूर्ण जित निकालेको छ । बिहीबार दशरथ रंगशालामा बिरगञ्जले शीर्ष चारको दौडमा काठमाडौं रेजर्सलाई ४-१ गोल अन्तरले हराएको हो ।

विलियम ओपोकुको ह्याट्रिकको सहयोगमा बिरगञ्जले प्रतियोगिताकै फराकिलो अन्तरको जित आत्मसाथ गरेको हो । जित सहित बिरगञ्जले प्लेअफको गणितिय सम्भावनालाई कायम राखेको छ । बिरगञ्जसँगको हारले काठमाडौंको प्लेअफ सम्भावना आफ्नो हातबाट फुत्किएको छ । काठमाडौंलाई प्लेअफमा छनोट हुन अब आफ्नो नतिजाले मात्र पुग्ने छैन, अरु खेलको नतिजामा समेत भर पर्नुपर्नेछ ।

खेलमा अग्रता भने काठमाडौंले जुनियर एन्कुन्गोको गोलमा लिएको थियो । डिबक्सभित्र डिफेन्डरले क्लियर गर्न नसकेको बलमा उनले गोल गर्दै काठमाडौंलाई सुरुवाती अग्रता दिलाएका थिए । लगत्तै काठमाडौंले पेनाल्टीको अवसर पाएको थियो । डिबक्सभित्र मार्की खेलाडी हिसब थपलियालाई फल गरेपछि काठमाडौंले अग्रतालाई दोब्बर बनाउने अवसर पाएको थियो । तर बिरगञ्जका गोलकिपर तथा कप्तान दीप कार्कीले पेनाल्टीलाई रोक्दै बिरगञ्जको आत्मबल बढाएका थिए ।

# पीएम कपः लुम्बिनी र कोशी विजयी

**काठमाडौं (प्रस)–** पीएम कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगितामा लुम्बिनी र कोशी प्रदेशले जित निकालेका छन् । बिहीबार सुरु प्रतियोगिताको दोस्रो सत्रको खेलमा लुम्बिनीले गण्डकी र कोशीले कर्णाली प्रदेशलाई हराएका हुन् । कीर्तिपुरमा भएको दिनको दोस्रो खेलमा लुम्बिनीले गण्डकीलाई ४ विकेटले पराजित गर्यो । गण्डकीले प्रस्तुत गरेको १ सय ३ रनको लक्ष्य लुम्बिनीले १७ ओभरमा मात्र ६ विकेट गुमाएर पुरा गर्यो ।

लुम्बिनीकी ओपनर लक्ष्मी चौधरीले ४२ रन बनाएको इनिङ्समा कप्तान सरस्वती जिएमले १२ रन बनाएकी थिइन् । अन्य खेलाडीले दोहोरो अंकको स्कोर बनाउन सकेनन् । गण्डकीकी श्रृष्टि जैशीले २ तथा कुसुम गोदार र सुमन खतिवडाले समान एक एक विकेट हात पारेका छन् । सुरुवाती ब्याटिङ गरेको गण्डकीले निर्धारित ओभरमा ४ विकेट गुमाएर १ सय २ रन मात्र बनाउन सकेको थियो । सुमन खतिवडाले नटआउट ३३ रन बनाएको इनिङ्समा अन्जली विश्वकर्मा ३० रनमा रिटायडहर्ट भएकी थिइन् ।


## Division Forest Office, Mahottari

**Invitation for Electronic Bids**

(First Date of publication: 2080/09/06)

1. ***Division forest office, Mahottari, Jaleshwor*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***following building projects*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at ***Division forest office Mahottari, Jaleshwor*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents from PPMO's Web Site www.bolpatra.gov.np./egp, up to 2080/10/08. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Description | Rajaswa Account | Dharauti Account |
|---|---|---|
| Name of the Bank: | Rastriya Banijya Bank, Jaleshwor, Mahhotari | |
| Name of Office: | Division Forest Office,Mahottari | |
| Name of Account: | Rajaswa khata | ko.le.ni.ka, Dharauti Khata |
| Amount: | 3000 | 100000 |
| Office Code no.: | 3070118012 | |
| Office Account no.: | 1000100200010000 | 1270100202030000 |

Rajaswa (revenue) Shirshak no. : 14229

4. Pre-bid meeting shall be held at ***Division Forest Office Mahottari*** at ***13 hrs . on 2080/09/25***..
5. Electronic bids must be submitted to ***Division forest office Mahottari*** through PPMO website www.bolpatra.gov.np/egpon or before ***12 noon2080/10/08*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2 P.M. on 2080/10/08*** at ***Division Forest Office Mahottari***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Details of the contract is as follows :

| Contract Identification No. | Name of Project | Estimated amount without VAT, NRs | Bid document cost, NRs | Bid security amount, NRs | Work experiance in key activity |
|---|---|---|---|---|---|
| DFO/MAHOTTARI/ NCB/WORKS/01-80-81 | Construction of Division office Building jaleshwor,Mahottari | 4236867 | 3000 | 100000 | Not Required |

9. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
10. After the completion of evaluation of Technical Bids which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
11. Other mandatory information will be as per Public Procurement Act 2063 and (PPA) and Public Procurement Regulation 2064 (Amended).

**Office Chief**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHAD BIN HUMAIDAN AL HUMAIDAN CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/०३ LT. No. 296470 चलानी नं. ६०२११८५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1400 | ४९,५२५ | | | | | | | |

कम्पनी : RIO INTERNATIONAL FACILITIES SERVICES LIMITED IS ONE PERSON

पुर्व स्वीकृति मिति २०८०/०९/०४ LT. No. 296769 चलानी नं. ६०२११८५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Worker | 2 | 0 | 1400 | ४९,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : REHANA TEA ESTABLISHMENT FOR SERVING BEVERAGES

पुर्व स्वीकृति मिति २०८०/०९/०३ LT. No. 296584 चलानी नं. ६०२११८५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RESTAURANT ASMAK SAYD AL-BIHAR FOR SEAFOOD

पुर्व स्वीकृति मिति २०८०/०९/०३ LT. No. 296108 चलानी नं. ६०२११८५८

